जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक ५७ • २०८१ साल असार ३१ गते सोमबार (15 July, Monday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

मन्त्री छनोटमा दलहरुमा सकस

# प्रधानमन्त्रीको शपथ ग्रहण आज

**टुडे समाचारदाता**

काठमाण्डु। नेकपा एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री बनेका छन्। ओलीलाई राष्ट्रपति रामचन्द्र पौडेलले आइतबार संविधानको धारा ७६ को उपधारा २ अनुसार प्रधानमन्त्रीमा नियुक्त गरेका छन्।

नेपाली कांग्रेस र एमालको गठबन्धनबाट शुक्रबार राष्ट्रपति पौडेलसमक्ष ओलीलाई प्रधानमन्त्री नियुक्त गर्न दाबी पेस गरेका थिए।

शुक्रबार पुष्पकमल दाहाल प्रचण्ड संसदबाट विश्वासको मत पाउन असमर्थ भएका थिए। त्यसपछि राष्ट्रपति पौडेलले आइतबार साँझ ५ बजेसम्मको समयसीमा निर्धारण गरी सरकार बनाउने दाबी पेस गर्न आह्वान गरेका थिए।

राष्ट्रपतिको आह्वानपछि कांग्रेस सभापति शेरबहादुर देउवा र एमाले अध्यक्ष ओली राष्ट्रपति भवन शीतल निवास पुगेर दाबी पेस गरेका थिए।

ओलीले पद तथा गोपनीयताको शपथग्रहण भने सोमबार बिहान ११ बजे गर्ने तय भएको छ।

सोमबार नै नवनियुक्त प्रधानमन्त्री ओलीले मन्त्रिपरिषद् पनि गठन गर्ने भएका छन्।

यो ओलीको चौथो कार्यकाल हुनेछ। यसअघि ओली २०७२ मा पहिलोपटक प्रधानमन्त्री बनेका थिए। त्यसपछि २०७४ मा आमचुनावपछि प्रधानमन्त्री २०७८ मा बनेका थिए।

ओलीका यसअघिका कार्यकाल केही सफल र विवादास्पद पनि बन्यो। दोस्रो र तेस्रो कार्यकालमा गरी ओलीले दुईपटक संसद विघटन गरे पनि सर्वोच्च अदालतले बदर गरिदिएको थियो। उनकै दोस्रो कार्यकालमा देशको नयाँ नक्सा पनि जारी भएको थियो।




ओलीले शपथ लिए लगत्तै उपप्रधानमन्त्रीहरुमा कांग्रेसबाट प्रकाशमान सिंह र एमालेबाट विष्णुप्रसाद पौडेलले मन्त्रीको शपथ लिने स्रोत दाबी छ। पौडेलले अर्थ मन्त्रालय पाउने यसअघि नै पार्टीबाट निर्णय भइसेको छ भने कांग्रेसले अझैसम्म पनि औचापरिक निर्णय सार्वजनिक गरेको छैन।

स्रोतका अनुसार नवनियुक्त प्रधानमन्त्री ओलीले उपमहासचिव पृथ्वीसुब्बा गुरुङ, सचिवहरु योगेश भट्टराई र छविलाल विश्वकर्मालाई मन्त्री बनाउने भएका छन्। सचिवालय बैठकबाट योग्य र अनुभवीलाई मन्त्री बनाउने मापदण्ड बनाएकाले वरिष्ठताको आधारमा नै नेताहरुमध्ये गुरुङ, भट्टराई र विश्कर्मालाई मन्त्री बन्ने सूचीमा परेका छन्।

त्यस्तै पूर्वमन्त्रीहरु जुलीकुमारी महतो र कृष्णगोपाल श्रेष्ठ पनि मन्त्री बन्ने नेताहरुको सूचीमा रहेको स्रोतको भनाइ छ। महतो र श्रेष्ठ यसअघि अघिल्लो कार्यकालमा ओली प्रधानमन्त्री हुँदा पनि मन्त्री थिए। कास्कीकी विद्या भट्टराईलाई मन्त्री बनाउने ओलीले तयारी गरेको एमाले स्रोतले जनाएको छ।

सत्ता साझेदारी दल कांग्रेस-एमाले गठबन्धनले मन्त्रालय भागवण्डासमेत टुंग्याएको छ।

उच्च स्रोतका अनुसार एमालेले अर्थ, रक्षा, भौतिक पूर्वाधार, संघीय मामिला तथा सामान्य प्रशासन, शिक्षा, विज्ञान तथा प्रविधि, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय पाउने भएको छ।

त्यस्तै कांग्रेसले गृह, परराष्ट्र, ऊर्जा, जलस्रोत तथा सिँचाइ, सहरी विकास, स्वास्थ्य तथा जनसंख्या, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, वन तथा वातावरण र कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय पाउने भएको स्रोतको दाबी छ।

मन्त्रालय भागबण्डा टुंगिए पनि मन्त्रीहरुको नाम भने टुंगो लगाउनका लागि सत्ता साझेदरी दलहरु बीच आन्तरिक छलफल जारी रहेको छ। सोमबार बिहानसम्म मन्त्रीहरुको नाम टुंगो लगाउने दुई दलको तयारी रहेको स्रोतको भनाइ छ।









# बाढीपहिरामा परी एक सय आठको मृत्यु




काठमाण्डु । अविरल वर्षाका कारण देशका विभिन्न स्थानमा आएको बाढीपहिराका कारण हालसम्म एक सय आठ जनाको मृत्यु भएको छ ।

प्रहरी प्रधान कार्यालयका अनुसार अविरल वर्षाको कारण गत जेठ २८ गतेदेखि देशका विभिन्न स्थानमा आएको बाढीपहिरालगायत विपद्मा परी आइतबार दिउँसोसम्म एक सय आठ जनाको मृत्यु भएको हो ।

मृत्यु हुनेमा काठमाडौं उपत्यकामा दुई जना, कोशी प्रदेशमा १९ जना, मधेश प्रदेशमा पाँच जना, बागमती प्रदेशमा नौ जना, गण्डकी प्रदेशमा ३८ जना, लुम्बिनी प्रदेशमा २३ जना, कर्णाली प्रदेशमा चार जना र सुदूरपश्चिम प्रदेशमा आठ जना रहेका छन् ।यस्तै उक्त घटनामा परेर एक सय १९ जना घाइते भएका छन् । घाइते हुनेमा काठमाडौं उपत्यकामा आठ जना, कोशी प्रदेशमा ३१ जना, मधेस प्रदेशमा नौ जना, बागमती प्रदेशमा सात जना, गण्डकी प्रदेशमा २८ जना, लुम्बिनी प्रदेशमा नौ जना, कर्णाली प्रदेशमा १६ जना र सुदूरपश्चिम प्रदेशमा ११ जना रहेका छन् ।

घाइतेलाई उपचारका लागि स्थानीय अस्पताल लगिएको प्रहरीले जनाएको छ । बाढी पहिरोमा परेका ५३ जनाको उद्धार गरिएको र छ जना अझै बेपत्ता भएको प्रहरीले जनाएको छ । बाढीको कारण जम्मा एक सय ८२ घर डुबानमा परेको बताइएको छ । यस्तै, दुई सय तीन वटा घर, ७५ वटा गोठ, ४१ वटा पुल, एक वटा विद्यालय र दुई वटा सरकारी कार्यालयमा क्षति पुगेको छ । पाँच सय १६ वटा पशुचौपायको मृत्यु भएको छ । उक्त अवधिमा विपद्का घटनाबाट तीन हजार पाँच सय ५२ घर परिवार विस्थापित भएका छन् ।रासस

# सिमलताल पहिरोः तीव्र रुपमा बेपत्ताको खोजी गरिँदै



चितवन । नारायणगढ-मुग्लिन सडक खण्डको सिमलतालबाट त्रिशूलीमा खसेका दुई वटा यात्रुवाहक बस र यात्रीको तीव्र रुपमा खोजी भइरहेको छ । नेपालका नदीमा खोजतलास गर्नसक्ने अन्तर्राष्ट्रिय तालिम प्राप्त गोताखोर र प्रविधिको प्रयोगगरी खोजतलास भइरहेको हो ।

सशस्त्र प्रहरी बल नेपाल एवं विपद् तालिम शिक्षालय कुरिनटारका प्रमुख सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक माधव पौडेलका अनुसार बङ्गलादेशबाट तालिम प्राप्त १० जना गोताखोर परिचालन गरिएको छ । गोताखोरसँगै एक सय जनाको शिक्षालयका सशस्त्र प्रहरी परिचालन गरिएको उहाँले जानकारी दिनुभयो । सशस्त्र प्रहरी बल नेपाल नम्बर तीन गढिमाइ बाहिनी मुख्यालय मकवानपुरका वरिष्ठ उपरीक्षक एवं सूचना अधिकारी तीर्थ पौडेलले एन्कर (फलामे हुक), वाटर ड्रोन (सोनार), पाइप इन्स्पेक्सन स्वेर क्यामरालगायत आधुनिक उपकरणको प्रयोग गरी खोजी कार्य भइरहेको बताउनुभयो ।

“नदीको धमिलो र बगिरहेको पानीमा गोताखोरले आधुनिक उपकरणको प्रयोग गरी खोजी गरिरहेका छन्”, उहाँले भन्नुभयो, “अन्तर्राष्ट्रिय रुपमा समुन्द्रको सफा पानीका लागि तयार पारिएका उपकरण धमिलो पानीमा प्रभावकारी नहुने भएकाले सोहीअनुसारका उपकरण प्रयोग गरिएको छ ।

”यसअघि त्रिशूलीमा खसेको गाडी खोजतलासका लागि बङ्गलादेशबाट गोताखोर आएको भएपनि बगेको धमिलो पानीमा काम गर्न सहज नभएको भन्दै वरिष्ठ उपरीक्षक पौडेलले अहिले जुन जनशक्ति र प्रविधि प्रयोग भएको छ यत्तिको प्रविधि अन्यत्र नभएको दाबी गर्नुभयो ।

प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले जिल्लास्थित सुरक्षाकर्मी एवं सशस्त्र प्रहरी बल, विपद् तालिम शिक्षालय र नेपाली सेनाको विपद् व्यवस्थापन गण, रसौलीलाई खोज तथा उद्धारमा परिचालन गरिएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “नदी र वरपर बेपत्ता बस यात्रीको खोजी गर्न अधिकतम प्रयास गरिरहेका छौं ।

” गृहसचिवसहित सुरक्षा निकायका प्रमुख यहाँ आउन लाग्नुभएको जनाउँदै भन्दै उहाँले स्थानीय प्रशासनका तर्फबाट सम्पूर्ण प्रयार र जनशक्ति परिचालन गरिएको बताउनुभयो ।

हालसम्म तीन वटा शव फेला परेका छन् । असार २८ गते बिहान ३:३० बजेको समयमा भरतपुर महानगरपालिका वडा नं २९ नारायगढ-मुग्लिन सडकखण्डको सिमलतालमा वीरगञ्जबाट काठमाडौं जाँदै गरेको बागमती प्रदेश ०३-००६ ख १५१६ नम्बरको एञ्जल डिलक्स र काठमाडौंबाट गौरतर्फ आउँदै गरेको बागमती प्रदेश ०३२४९५ ख००१ नम्बरको गणपति डिलक्स बस त्रिशूली नदीमा खसेका थिए ।

बेपत्ताको खोजी गर्न डेढ सय सशस्त्र प्रहरी परिचालन

चितवनको सिमलतालमा गत शुक्रबार पहिरोसँगै त्रिशूली नदीमा खसेर बेपत्ता भएका दुई बसका यात्रुको खोजी गर्न एक सय ४९ सशस्त्र प्रहरी परिचालन गरिएका छन् ।

बेपत्ताको खोज तथा उद्धार गर्न सशस्त्र प्रहरी बल नेपाल, विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटारबाट प्रहरी नायब उपरीक्षकको नेतृत्वमा ११ गोताखोरसहित ७९ जना परिचालन गरिएका छन् । त्रिशूली नदीको तटीय क्षेत्रका विभिन्न इलाकामा पनि फौज परिचालन गरी बेपत्ता यात्रु खोज्ने काम भइरहेको सशस्त्र प्रहरीका सहप्रवक्ता एवं प्रहरी नायब उपरीक्षक शैलेन्द्र थापाले जानकारी दिनुभयो ।

खोजी कार्यमा सशस्त्र प्रहरीका साथै नेपाली सेना र नेपाल प्रहरी पनि खटिइएका छन् ।

सशस्त्र प्रहरीले दुर्घटनास्थल सिमलतालमा प्रहरी निरीक्षकको नेतृत्वमा २५, चनौली इलाकामा नं १७ गणका प्रहरी नायब उपरीक्षकको नेतृत्वमा ११, गोलाघाट इलाकामा सशस्त्र प्रहरी सहायक निरीक्षकको नेतृत्वमा ‘र्‍याफ्याटिङ बोट’ सहित १५, देवघाट इलाकामा सशस्त्र प्रहरी सहायक निरीक्षकको नेतृत्वमा १० र भरतपुरको पुल्चोकस्थित नारायणी नदी किनारमा सशस्त्र प्रहरी निरीक्षकको नेतृत्वमा नौ जना परिचालित भएका छन् । त्रिशूली नदीमा पानीको मात्रा अत्यधिक र पानी धमिलो भए पनि खोजी कार्य जारी रहेको सशस्त्र प्रहरीले जनाएको छ । उद्धारका लागि खटिएका सुरक्षाकर्मीले ड्रोन क्यामेरा, सोनारा क्यामेरालगायत उपकरणको प्रयोग गरी बेपत्ता यात्रुको खोजी जारी राखेका छन् ।

गत शुक्रबार बिहान पहिरोले बगाएर त्रिशूली नदीमा दुई बसका बेपत्ता यात्रुमध्ये पाँच जनाको शव फेला परेको छ । चितवनका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव अधिकारीका अनुसार भेटिएका शवमध्ये तीनको पहिचान खुलेको छ । माडी नगपालिका-१ का २२ वर्षीय विकास परियार, सर्लाहीको बरहथवा नगरपालिका-३ का १९ वर्षीय रमितकुशर माझी र भारतको विहार प्रान्तको सीतामणिस्थित बर्गिनिया जमुहवाका २८ वर्षीय ऋषिपल साहको शव भेटिएको हो ।

काठमाडौंबाट गौरतर्फ गइरहेको बागमती प्रदेश०३-००१ख २४९५ र वीरगञ्जबाट काठमाडौंतर्फ आइरहेको बागमती प्रदेश०३-००६ख १५१६ नम्बरको बस भरतपुर महानगरपालिका-२९ सिमलतालमा पहिरोसँगै त्रिशूली नदीमा बगेका थिए । गौरतर्फ गइरहेको बसमा ३८ तथा काठामाडौंतर्फ आइरहेको बसमा २७ यात्रु बेपत्ता भएका अनुमान गरिएको छ ।रासस

# कोशी, बागमती र गण्डकी प्रदेशका केही स्थानमा भारी वर्षा हुने

काठमाण्डु । हाल देशभर मनसुनी वायुको प्रभाव रहेको तथा मनसुनको न्यून चापीय रेखा भने सरदर स्थानको दक्षिणतर्फ रहेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ ।कोशी प्रदेश, मधेस, बागमती र गण्डकी प्रदेशमा आंशिकदेखि साधारणतया बदली रही केही स्थानमा हल्कादेखि मध्यम वर्षा भइरहेको छ ।आगामी २४ घण्टामा कोशी, बागमती र गण्डकी प्रदेशका केही स्थानमा भारी वर्षा हुने विभागको पूर्वानुमान छ ।

विभागका अनुसार आइतबार दिउँसो देशभर आंशिकदेखि साधारणतया बदली रहने छ । कोशी, मधेस, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका केही स्थानका साथै कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका पनि केही स्थानमा मेघगर्जन र चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ । कोशी र गण्डकी प्रदेशका एक-दुई स्थानमा भारी वर्षाको सम्भावना छ । त्यसैगरी, आइतबार राति देशभर आंशिकदेखि साधारणतया बदली रहने छ । कोशी, मधेस, बागमती र गण्डकी प्रदेशका केही स्थानका साथै लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पनि केही स्थानमा मेघगर्जन र चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको विभागले बताएको छ । कोशी, बागमती र गण्डकी प्रदेशका एक-दुई स्थानमा भारी वर्षाको सम्भावना छ ।

आगामी २४ घण्टामा कोशी, मधेस, बागमती , गण्डकी र लुम्बिनी प्रदेशका केही स्थान तथा कर्णाली र सुदूरपश्चिम प्रदेशका केही भागमा मेघगर्जन र चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ भने कोशी, बागमती र गण्डकी प्रदेशका एक-दुई स्थानमा भारी वर्षाको सम्भावना रहेकोले ती क्षेत्रमा हुनसक्ने गेग्रान बहाव, बाढीपहिरोको क्षतिबाट बच्न विभागले अनुरोध गरेको छ ।रासस

# त्रिशूली किनारमा बेपत्ताका परिवारद्वारा गृह सचिवसँग विलौना

चितवन । यही असार २८ गते बिहान नारायणगढ-मुग्लिन सडकखण्डमा गएको पहिराले दुई वटा यात्रुबाहक बस त्रिशूली नदीमा पुऱ्यायो । बसमा सवार यात्रुका अधिकांश आफन्त उक्त समाचार सुन्ने वित्तिकै बोकेर घटनास्थल आइपुगेका थिए ।

उनीहरु विगत तीन दिनदेखि त्रिशूली किनारमा आफन्तहरुको खोजीमा सक्रिय छन् । उनीहरु बिहानदेखि साँझसम्म त्रिशूली किनारमै हुन्छन् । आफन्तलाई जीवितै पाउने आश मार्दै गरेका उनीहरुमा राज्यले सक्ने जति उद्धारमा जुटेन कि ? भन्ने आशङ्का परेको छ ।

उर्लिएको त्रिशूलीको खोचमा आफन्त त परको कुरा दुई वटा बस नै अहिलेसम्म भेटिएका छैनन् । उनीहरुले खोजी कार्य छिटो गरिदिन अनुनय विनय गरिरहेका छन् । तीन दिनको खोजीले उल्लेख्य सफलता नमिलेपछि आज गृहसचिव एकनारायण अर्याल, नेपाल प्रहरीका प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवर, सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल घटनास्थल आइपुग्नुभयो । उहाँहरुलाई घटना स्थलमा रहेका बेपत्ता परिवारका सदस्यहरुले आफ्नो परिवारका सदस्यहरुको छिटो खोजी गरिदिन आग्रह गर्नुभयो ।

मामाको छोरो (भाई) त्रिशूलीमा बेपत्ता भएपछि खोजीका लागि हेटौंडाबाट आउनुभएका नकुबहादुर थापा अहिलेको तरिकाले बेपत्ताहरु भेट्टाउनै मुस्किल हुने भन्दै अरु विधि अपनाउन



आग्रह गर्नुभयो । उहाँले गृहसचिवको टोलीसँग गुनासो गर्नुभयो, “उच्च प्रविधिको प्रयोग गरेर बेपत्ताको खोजी गरिदिनुहोस् ।”रौतहटबाट भाई खोज्न आउनुभएका मोहन दास अहिले पनि कतै भेटिन्छ की भन्ने आशमा नै हुनुहुन्छ । तीन दिनदेखि आएर नदी तिरै हेरेर मात्रै बस्नुपरेको बताउँदै उहाँले छिटोभन्दा छिटो बेपत्ताको खोजी गरिदिन अनुरोध गर्नुभयो ।

यातायात व्यवसायी महासङ्घका अध्यक्ष सरोज सिटौलाले दुई वटा बसमा सवार यात्रुहरुको खोजीमा तदारुपता देखाउन आग्रह गर्नुभयो । उहाँहरुको गुनासो सुनेपछि गृहसचिव अर्यालले उद्धारका लागि काम भइरहेको बताउनुभयो । उहाँले भन्नुभयो, “छिटोभन्दा छिटो उद्धार सामग्रीहरु उपलब्ध गराउने विषयमा काम भइरहेको छ, चीन र भारत सरकारबाट पनि सामग्री उपलब्ध गराउने कुरा भएको ।”

विपद् प्रतिकार्य योजना तयारी गरी काम भइरहेको बताउँदै उहाँले शवहरु पहिचान र मृतकका परिवारलाई राहत दिने एवं यहाँ उठेका कुरामा गृह मन्त्रालयले नेपाल सरकारलाई जानकारी गराउने बताउनुभयो । यहाँको वस्तुस्थिति प्रधानमन्त्री र गृहमन्त्रीलाई जानकारी गराइने उहाँले बताउनुभयो ।टोलीले घटनास्थलको स्थलगत अवलोकन र उद्धार कार्यबारे जानकारी लिएको थियो । हालसम्म घटनास्थलभन्दा तल नारायणी नदी किनारमा पाँच वटा शव फेला परेका छन् ।

प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवका अनुसार पहिचान खुल्नेमा भारतको बिहार बेतिया जिल्ला पश्चिम सम्पारण २२ का ४० बर्षिय सजाद अन्सारी, भारतकै जयप्रकाश ठाकुर, माडी नगपालिका वडा नम्बर १ का २२ बर्षिय विकास परियार, सर्लाही बरहथवा नगरपालिका वडा नम्बर ३ का १९ वर्षीय रमितकुशर माझी र भारतको बिहार सितामणी बर्गिनिया जमुहवा बस्ने २८ वर्षीय ऋर्षि पल साह रहेका छन् ।

यही असार २८ गते बिहान ३:३० बजेको समयमा भरतपुर महानगरपालिका वडा नं. २९ नारायगढ-मुग्लिङ सडकखण्डको सिमलताल भन्ने स्थानमा वीरगञ्जबाट काठमाडौंतर्फ गई रहेको बागमती प्रदेश ०३-००६ ख १५१६ नम्बरको एन्जल डिलक्स लेखेको यात्रुबाहक बस र काठमाडौंबाट गौरतर्फ जान आउँदै गरेको बागमती प्रदेश ०३२४९५ ख००१- नम्बरको गणपति डिलक्स बस त्रिशूली नदीमा खसेका हुन् ।रासस

# काठमाडौंलाई ‘ट्रान्जिट’ बनाएर लागुऔषध कारोबार गर्ने मलेसियन नागरिक पक्राउ

काठमाण्डु । प्रहरीले झन्डै छ किलो कोकिनजस्तो देखिने पदार्थसहित एक मलेसियन नागरिकलाई पक्राउ गरेको छ । जिल्ला प्रहरी परिसर काठमाडौंको विशेष टोली र प्रहरी वृत्ति लैनचौरको संयुक्त टोलीले आइतबार ठमेलस्थित काठमाडौं सिटी होटलबाट ४७ वर्षीया मलेसियन महिला बाथुमलाई भादिभालोलाई पक्राउ गरेको हो ।




प्रहरीले भादिभालोका साथबाट पाँच किलो आठ सय २० ग्राम कोकिनजस्तो देखिने पदार्थ बरामद गरेको छ । प्रहरी परिसर काठमाडौंले आज यहाँ पत्रकार सम्मेलनमार्फत बरामद गरिएको लागुऔषधसहित महिलालाई सार्वजनिक गरेको हो । ती महिलाले छवटा विद्यालय झोलामा ‘फल्स बटम’ बनाई उक्त पदार्थ थाइल्यान्डको बैङ्कक हुँदै नेपाल भित्र्याएको प्रारम्भिक अनुसन्धानबाट खुलेको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक वसन्त रजौरेले जानकारी दिनुभयो । बरामद गरिएको लागुऔषधको अन्दाजी मूल्य रु २० करोड ३७ लाख हुने प्रहरीले जनाएको छ ।

उक्त होटलमा लागुऔषधको कारोबार भइरहेको भन्ने विशेष सूचनाका आधारमा प्रहरीले छापा मारेको थियो । ती महिला मलेसियाबाट १२ जुलाई २०२४ मा लाओस पुगेको, लाओसबाट १३ जुलाईमा थाइल्यान्डको बैङ्कक हुँदै राति ११:२५ बजे काठमाडौं आएको प्रहरी अनुसन्धानबाट खुलेको छ । निजका साथबाट यही जुलाई १९ मा काठमाडौंबाट मलेसिया फर्कने हवाई टिकट फेला परेको प्रहरीले जनाएको छ ।

पक्राउ परेकी महिलाले लाओस वा थाइल्यान्डबाट कोकिन ल्याएको प्रहरीको आशङ्का छ । कोकिन पठाउने लाओस वा थाइल्यान्डमा रहेको र पाउने भारतमा रहेको अनुमान गरिएको छ । ती महिलाले ‘मेडियटर’को काम गरेको अर्को व्यक्ति भारतबाट काठमाडौं लिन आएको हुनसक्ने प्रहरीको भनाइ छ ।“ती महिला पाँच/छपटक नेपाल आएको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ”, प्रहरी वरिष्ठ उपरीक्षक रजौरेले भन्नुभयो, “काठमाडौंलाई ‘ट्रान्जिट’ बनाएको देखिएको छ, यसबारेमा अनुसन्धान भइरहेको छ ।” पक्राउ परेकी महिला मलेसियाको भाषा मात्र बोल्ने भएकाले थप अनुसन्धानमा जटिलता थपिएको उहाँको भनाइ छ ।


ती महिलाले कोकिन काठमाडौंलाई ‘ट्रान्जिट’ बनाएर भारत पठाउन लागेको आशङ्का गरिएको छ । उक्त कोकिन लिन आउने व्यक्तिको खोजी तीव्र पारिएको प्रहरीको भनाइ छ । अहिले ठूलो परिणामको लागुऔषधसँगै पक्राउ परेकी ती महिलाले यसअघि पनि पटकपटक नेपाल आउँदा लागुपदार्थको ओसारपसार गर्ने गरेको हुनसक्ने निष्कर्षसहित अनुसन्धानलाई व्यापक बनाइएको प्रहरी वरिष्ठ उपरीक्षक रजौरेले बताउनुभयो ।रासस

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : अवसर प्राप्त । |
| बृष | : वाद विवादबाट बच्नु । |
| मिथून | : पुरस्कार प्राप्त लाभ । |
| कर्कट | : नयाँ कार्य हुने । |
| सिंह | : बौद्धिक क्षमता । |
| कन्या | : प्रतिभा सम्पन्नता । |
| तुला | : शिक्षामा उन्नति । |
| बृश्चिक | : पारिवाहिक सुख । |
| धनु | : धन वृद्धि सञ्चय । |
| मकर | : प्रेम प्रसंग, मित्र सुख । |
| कुम्भ | : सुख समृद्धि हुने । |
| मीन | : भ्रमण अवसर हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।



## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



दाङको घोराही बजारमा दही बिक्री गर्न आएका देउखुरी राजपुर गाउँपालिका-३ स्थित बेला गाउँका यादव समुदायका किसान। गाउँमा दूध खपत नहुने तथा सङ्कलन केन्द्र नभएकाले बेलाका किसान चालीस किलोमिटर टाढा घोराही बजार दैनिक आवतजावतको रु ४०० गाडीभाडा तिरेर आफूले जमाएको दही बिक्री गर्न आउने गर्छन। *तस्बिरः रासस*

# प्रधानन्यायाधीश समक्ष बारको ध्यानाकर्षण




काठमाण्डु । प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ समक्ष नेपाल बार एशोसिएशनले काठमाडौं घोषणा-पत्र, २०८१ कार्यान्वयन सम्बन्धमा आइतबार ध्यानाकर्षण गराएको छ।

बारका अध्यक्ष गोपालकृष्ण घिमिरेले काठमाडौं घोषणापत्रबारे जानकारी गराउँदै उक्त घोषणापत्र कार्यान्वयन गर्न प्रधानन्यायाशीध श्रेष्ठको ध्यानाकर्षण गराउनुभएको हो । प्रधानन्यायाधीशले आफूले घोषणापत्रका कार्यान्वयन गराउने विषयमा काम गरिरहेको र बारले राखेका मागको विषयमा आफू गम्भीर रहेको बताउनुभयो।

बारले न्याय परिषद्द्वारा विसं २०८० असोज १ गते न्याय परिषद् नियमावलीको नियम ११ मा गरिएको संशोधनले उच्च अदाललतमा नियुक्ति भई काम गरिरहेका न्यायाधीशहरुको नियुक्तिको वरियतामा असर गर्ने गरिएको र नेपालको संविधानको धारा १४१ उपधारा (३) को संवैधानिक व्यवस्थासँग प्रत्यक्ष बाझिएको विषय प्रधानन्यायाधीश समक्ष राखेको थियो।

बारका अध्यक्ष घिमिरेले परिषद्को नियमावली संशोधन विधिको शासनको वर्खिलाप हुन गएको र पश्चादर्शी असर पर्ने गरी गरिएको नियमावलीको संशोधन अविलम्ब खारेज गर्नका लागि न्याय परिषद्को अध्यक्षको हैसियतले पहल गर्न आग्रह गर्नुभयो ।सर्वोच्च अदालतमा रहेको संवैधानिक इजलास एक स्थायी इजलासको रुपमा नियमति सञ्चालन हुने अवस्थामा पुऱ्याउन थप चार जना न्यायाधीश नियुक्त गरी सर्वोच्चमा न्यायाधीशको कूल स‌ङ्ख्या २५ जना रहने गरी संविधान संशोधन गर्न पहल गर्नुपर्ने बारको माग थियो।

प्रधानन्यायाधीशसहित वरिष्ठतम चार जना न्यायाधीशहरु संवैधानिक इजलासमा निरन्तर रहने व्यवस्था गर्न तथा संवैधानिक इजलासमा मुद्दाको चाप नरहेको अवस्थामा ती न्यायाधीशहरुबाट अन्य मुद्दा हेर्ने व्यवस्था मिलाउने व्यवस्था गर्नुपर्ने माग ध्यानाकर्षणपत्रका छ ।बारले सर्वोच्च अदालतबाट वरिष्ठ अधिवक्ताको उपाधि प्रदान गर्ने सम्बन्धमा निर्धारित मापदण्ड अविलम्ब खारेज गरी संविधान र कानुन सम्मत रुपमा सो उपाधिको गरिमा र महत्व अक्षुण्ण राखी उपाधि मागेर नभई सम्मानार्थ दिनुपर्ने सिद्धान्तलाई अवलम्बन गरी प्रत्येक वर्ष उक्त उपाधि प्रदान गर्ने गरी व्यवस्थापन गर्न आग्रह गरेको छ।

बारको १६औं अखिल नेपाल कानुन व्यवसायी राष्ट्रिय सम्मेलन २०८१ साल जेठ ४, ५ र ६ गते काठमाडौंमा सम्पन्न भएको थियो ।रासस

## उपत्यकाबाट हराएका २१ थान दुईपाङ्ग्रे सवारीसाधन फेला

काठमाण्डु । ट्राफिक प्रहरीले काठमाडौं उपत्यकाका विभिन्न स्थानबाट हराएका २१ थान दुईपाङ्ग्रे सवारीसाधन फेला पारेर सम्बन्धित धनीलाई बुझाएको छ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले काठमाडौं, भक्तपुर र ललितपुरका विभिन्न स्थानबाट हराएका तथा चोरी भएका १३ मोटरसाइकल र आठवटा स्कुटर फेला पारेर सम्बन्धित धनीलाई हस्तान्तरण गरेको हो।

कार्यालयका प्रहरी उपरीक्षक विश्वराज खड्काले उपत्यकाको सिंहदरबार, कपन, रामहिटी, गौशाला, नयाँबसपार्क, बालाजु, टोखा, मालिगाउँ, रानीवन, गौरीघाट, बौद्ध, बुद्धनगर, कालीमाटी, मैतिदेवी र चुनदेवीलगायत विभिन्न स्थानबाट हराएका सवारीसाधन फेला पारेर बुझाइएको जानकारी दिनुभयो ।हराएका सवारीसाधन खोजी गर्ने क्रममा केही वास्तविक नम्बर प्लेटमा र केही नक्कली नम्बर प्लेट राखेको अवस्थामा फेला परेका प्रहरी उपरीक्षक खड्काले बताउनुभयो। ट्राफिक प्रहरीले चालु आर्थिक वर्षमा चार सय १७ सवारीसाधन फेला पारेर सम्बन्धित धनीलाई बुझाएको छ।

अवैध रुपमा नेपाल भित्रिएका १७ सवारीसाधनलाई भन्सार कार्यालयमा बुझाइएको खड्काले जानकारी दिनुभयो। ट्राफिकले चालु आवमा सवारीसाधन चोरी गर्ने ४१ जनालाई पक्राउ गरी कारबाहीका लागि प्रहरीकामा बुझाएको छ। सवारीसाधन चोरी तथा हराउनबाट जोगाउन आफ्नो साधन सुरक्षित स्थानमा पार्किङ गर्ने, ह्विल लक, चेन लक, ह्यान्डिल लक, डिस्क लकलगायत सुरक्षा साइरनहरु जडान गर्ने तथा मानिसको आवतजावत नहुने एकान्त स्थानमा पार्किङ नगर्न ट्राफिक प्रहरीले अनुरोध गरेको छ ।रासस

# 'ऊर्जा क्षेत्रमा गुणात्मक र उल्लेखनीय प्रगति भएको छ'



काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले मुलुकको ऊर्जा क्षेत्रको विकासमा उल्लेखनीय र गुणात्मक प्रगति भएको बताउनुभएको छ । उहाँको बिदाइका लागि आइतबार मन्त्रालयमा आयोजित कार्यक्रममा मन्त्री बस्नेतले दीर्घकालीन विद्युत् व्यापार सम्झौता र आगामी १० वर्षमा १० हजार मेगावाट विद्युत् भारत निर्यात गर्ने सहमति आफ्नो कार्यकालको सबैभन्दा महत्वपूर्ण उपलब्धि भएको बताउनुभयो।

मन्त्री बस्नेतले ऊर्जा क्षेत्रमा भएको उपलब्धिले मुलुकको समृद्धिका लागि मार्ग प्रशस्त गरेको र त्यसले अर्थतन्त्रलाई समेत सबल बनाउने विश्वास व्यक्त गर्नुभयो । नेपालको विकास प्रक्रियालाई गति दिने तथा आर्थिक समृद्धिको आधार स्तम्भका रुपमा रहेको ऊर्जा क्षेत्रलाई गति दिने र रोकिएका काम यस अवधिमा सम्पन्न भएकामा खुसी व्यक्त गर्नुभयो।

ढल्केबर इनरुवा चार सय केभी प्रसारण लाइन, डेढ दर्जन बढी सबस्टेसन तथा प्रसारण लाइन सम्पन्न भएको जानकारी दिँदै मन्त्री बस्नेतले अन्य केही कार्यक्रम यसबीचमा सम्पन्न भएका बताउनुभयो । ऊर्जा मिश्रण अवधारणाअनुसार आठ सय मेगावाट क्षमताको सौर्य परियोजना अगाडि बढाइएको र त्यसलाई प्रतिस्पर्धाका आधारमा अगाडि बढाउन लागिएको उहाँको भनाइ छ।

र ा ि ष ट ्र य गौरवका आयोजनालाई गति दिने, सञ्चालनमा रहेका सिँचाइ आयोजनाको क्षमता विस्तार तथा थप १० लाख हेक्टर क्षेत्रमा सिँचाइ पुऱ्याउने लक्ष्यका साथ काम अगाडि बढाइएको र त्यसले आगामी केही वर्षमा परिणाम देखिने मन्त्री बस्नेतले उल्लेख गर्नुभयो। उहाँले सामूहिक भावनाका साथ काम गर्ने तथा गराउन प्रयत्न गरिएको उल्लेख गर्दै ऊर्जा विकास कार्ययोजना, माथिल्लो अरुण, दूधकोशी जस्ता आयोजना अगाडि बढाउन अन्तिम चरणमा पुऱ्याइएका बताउनुभयो।

मन्त्री बस्नेतले आगामी दिनमा फरक भूमिकामा रहे पनि आफूले अगाडि बढाएका कामलाई गति दिन साथ र सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो।

सो अवसरमा ऊर्जा, जलस्रोत तथा सिँचाइ सचिव सरिता दवाडी र जल तथा ऊर्जा आयोगका सचिव केशवकुमार शर्माले मन्त्री बस्नेतको कार्यकालमा भएका काम कारबाही उल्लेखनीय र रणनीतिक महत्वका रहेका तथा यसले समग्र क्षेत्रको विकासमा महत्व राख्ने बताउनुभयो ।रासस

# कृषकलाई मलकै पिरलो

वीरगञ्ज । पर्सा पर्टेवा सुगौली गाउँपालिका-५ निचुटाका कृषक शिवबालक ठाकुरलाई दुई दशकअघिसम्म चार हलगोरु र आधा दर्जनभन्दा धेरै भैंसी पाल्नुहुन्थ्यो। विगतमा गोठभरि नै चौपाया हुने भएकाले रासायनिक मलको खासै समस्या हुँदैनथ्यो।

आफ्नै गोठबाट निस्कने प्राङ्गारिक मलकै प्रयोग गरेर खेती किसानी गर्दै आउनुभएका उहाँलाई अहिले एक बिघा खेतमा धान रोपाइँ गर्न पनि महाभारत जस्तै लाग्न थालेको छ। "पहिला धान रोपाइँ गर्दा त रासायनिक मलखादको प्रयोग नै हुँदैनथ्यो। आफ्नै गोठको मलखाद हालेर खेती गरिन्थ्यो", विगतलाई स्मरण गर्दै उहाँले भन्नुभयो, "संयुक्त परिवार विस्तारै एकल हुँदै गयो । गोठभरिका चौपाया पनि रित्तिँदै गए। अहिले त रासायनिक मलको प्रयोग नगरी सुखै छैन।"

सदियौँदेखि कृषि कर्म गर्दै आउनुभएका ठाकुरलाई अहिले रासायनिक मलको अभावको चिन्ताले सताउने गरेको छ। "एक बिघा खेतमा चाहिनेजति मल पनि पाउन सकिरहेको छैन", उहाँले भन्नुभयो, "दुई बोरा डिएपी र तीन बोरा युरिया मल चाहिएको छ तर धान रोप्दासम्म एक-एक बोरा मात्रै पाएको छु । मलकै कारणले उब्जिने कम हुने हो कि भन्ने चिन्ता लागेको छ।"

उहाँ मात्रै होइन, पर्साका स्थानीय तहका जनप्रतिनिधिका परिवारले पनि पर्याप्त रासायनिक मल पाउन सकिरहेका छैनन्। पर्टेवा सुगौली गाउँपालिकाका उपाध्यक्ष ममता महतोको परिवारले पनि आठ बिघा खेतमा धानखेती गर्दै आइरहे पनि मलको अभाव खेप्दै आइरहेको बताउनुभयो। "म आफैँ पालिकाको मल वितरण समितिको संयोजक पनि छु। मैले नै मलको अभाव खेपिरहेको छु", उहाँले भन्नुभयो, "म आफैँ जनप्रतिनिधि हुँ भनेर भनेजति पनि मल लिने कुरै हुँदैन। सबैलाई बाँडफाँट गर्दा कति हुन्छ । सोहीअनुसार पाउने हो।"

पोखरिया नगरपालिका-५ का मुन्ना चौधरी पनि नगरपालिका र कृषि सहकारी संस्थामा धाउँदाधाउँदै दुःखपाइरहेको गुनासो गर्नुहुन्छ। उहाँले धानखेती गर्नका लागि आवश्यकताअनुसारको मल अझै नपाइरहेको गुनासो गर्नुभयो। "हामीजस्ता सोझासिधा कृषकलाई सधैँ मलकै पिरलोले सताउने भयो", उहाँले भन्नुभयो, "गाउँका टाठाबाठाले त सोर्सफोर्स लगाएरै भए पनि मलको जोहो गर्छन्। हामी त कसरी गर्ने ?"

कृषि ज्ञान केन्द्र पर्साका अनुसार आव २०७८/७९ मा पर्सा जिल्लामा १६ हजार नौ सय ६७ मेट्रिक टन रासायनिक मलको प्रयोग भएको थियो । केन्द्रका अनुसार सो वर्ष युरिया मल १० हजार ९० मेट्रिक टन, डिएपी छ हजार ९६ मेट्रिक टन, पोटास दुई सय ७५ मेट्रिक टन प्रयोग गरिएको थियो । तर, पछिल्ला दुई वर्षमा मलको कति प्रयोग गरिन्छ भन्ने यकिन तथ्याङ्क भने आइसकेको छैन।



केन्द्रका प्रमुख कमलदेवप्रसाद कुशवाहाले कृषियोग्य जमिनको उर्बराशक्ति घटेसँगै रासायनिक मलखाद धेरै प्रयोग हुन थालेको बताउनुहुन्छ। ''सरकारी मापदण्डअनुसार प्रतिकठ्ठा तीन किलोग्राम मल प्रयोग गर्नुपर्ने हुन्छ तर धेरै खेती उब्जाउने नाममा कृषकले प्रतिकठ्ठा छ/आठ किलोग्राम रासायनिक मल प्रयोग गर्दछन्,'' उहाँले भन्नुभयो,' 'कृषकले अत्यधिक मात्रामा मल प्रयोग गर्ने भएकाले पनि अभाव हुने गरेको हो।''

### पर्सामा मलको उपलब्धता

कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडले सरकारले तोकेको कोटाअनुसारको मल स्थानीय पालिकाको सिफारिसमा सम्बन्धित पालिकाका सहकारी संस्था तथा डिलरलाई उपलब्ध गराउने गर्छन् । रासायनिक मल खेतीयोग्य जमिनको क्षेत्रफल, विगत आवको मलको खपतको अभिलेख र बाली सघनताको आधारमा स्थानीय तहको कोटाअनुसार रासायनिक मलको बाँडफाँट गर्ने गरिन्छ।

जिल्लाका १४ पालिकामा एक सय नौ डिलरमार्फत रासायनिक मल उपलब्ध गराउने गर्दछन् । कृषि सामग्री कम्पनी लिमिटेड प्रादेशिक कार्यालय वीरगञ्जले चालु आव २०८०/८१ को असार ११ गतेसम्मको अवधिमा पर्सा जिल्लामा युरिया, डिएपी र पोटास गरी कुल ९ हजार एक सय ४८ दशमलव ०५ मेट्रिक टन मल बिक्री गरेको जनाएको छ। यसमा युरिया मल पाँच हजार पाँच सय ७६ दशमलव २५ मेट्रिक टन, डिएपी मल तीन हजार दुई सय ५९ दशमलव ६० मेट्रिक बिक्री गरिसकेको छ। त्यस्तै पोटास मल भने तीन सय १२ दशमलव २० मेट्रिक टन बिक्री गरिसकेको छ।

सो कार्यालयले गत आवमा भने पर्सा जिल्लाभरिमा युरिया, डिएपी र पोटास गरी कुल आठ हजार एक सय १७ मेट्रिक टन मल बिक्री गरेको थियो। कृषि सामग्री कम्पनी लिमिटेड प्रादेशिक कार्यालय वीरगञ्जका कायममुकायम प्रमुख दुर्गाप्रसाद पाण्डेय कृषकले पछिल्ला वर्षमा अत्यधिक मात्रामा रासायनिक मल प्रयोग गर्ने भएकाले सीमित कोटाको मलले पुऱ्याउन कठिन हुने बताउनुहुन्छ।


साल्टट्रेडिङ कर्पोरेसन लिमिटेड प्रादेशिक कार्यालयका प्रमुख आमोज लामिछानेले पर्सामा धान रोपाईको लागि मलको अभाव नहुने दाबी गर्नुभयो । "अघिल्ला वर्षमा जस्तो यस वर्ष मलको हाहाकार हुने देखिन्न", उहाँले भन्नुभयो, "गत वर्षभन्दा यो वर्ष मल वितरणको मात्रा धेरै भएको छ।" साल्टट्रेडिङले चालु आवको असार २४ गतेसम्म पर्सामा तीनै थरिका मल चार हजार सात सय ९ दशमलव ०५ मेट्रिकटन बिक्री गरेको छ। यसमा युरिया मलको हिस्सा दुई हजार चार सय २३ दशमलव ७५ मेट्रिकटन, डिएपी मल दुई हजार एक सय ८९ दशमलव ६० मेट्रिकटन र पोटासको हिस्सा भने ९५ दशमलव ७० मेट्रिकटन रहेको छ। सो कार्यालयले गत आव २०७९/८० मा तीनै थरिका चार हजार चार सय ७९ मेट्रिकटन बिक्री गरेको थियो।

नेपाल किसान महासङ्घ पर्साका पूर्वअध्यक्ष असर्फी साह पर्सा जिल्लामा धान रोपाइँका लागि मात्रै नभएर उखुखेतीको लागि पनि मलको हाहाकार रहेको दाबी गर्नुहुन्छ । "सरकारी अनुदानको मलले कृषकको मागलाई थेग्नै सक्दैन", उहाँले भन्नुभयो, "भारतीय सीमावर्ती बजारबाट रासायनिक मल ल्याएर प्रयोग नगरी सुखै छैन।"

पर्टेवा सुगौली गाउँपालिकाका उपाध्यक्ष महतोले पालिकाले कृषक कार्ड जस्तै आगामी वर्षदेखि मलखाद कार्ड बनाएर व्यवस्थित गर्ने बताउनुभएको छ। अहिले पालिकामा कुन कृषकको लागि कति मलखाद चाहिन्छ भन्ने यकिन तथ्याङ्क छैन। उहाँका अनुसार पालिकामा साढे दुई करोड लागतमा आधुनिक कृषि ल्याबसहितको भवन निर्माण हुँदैछ । यो तयार भएसँगै माटो परीक्षण गरेर कति मल प्रयोग गर्ने भन्ने वैज्ञानिक आधार पत्ता लगाउन सकिनेछ ।रासस





# शैक्षिक क्यालेन्डर लागू गरेकामा त्रिविलाई धन्यवाद



काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले त्रिभुवन विश्वविद्यालय (त्रिवि)ले शैक्षिक क्यालेन्डर लागू गरेकामा विश्वविद्यालयका पदाधिकारीलाई धन्यवाद दिनुभएको छ।

आइतबार प्रधानमन्त्रीको निजी निवास खुमलटारमा त्रिविका उपकुलपति प्राध्यापक डा केशरजङ्ग बराल, रजिष्ट्रार डा केदारप्रसाद रिजाल, शिक्षाध्यक्ष डा खड्ग केसीसँग भेट गर्दै प्रधानमन्त्री दाहालले धन्यवाद दिनुभएको हो ।सो क्रममा प्रधानमन्त्री दाहालले त्रिभुवन विश्वविद्यालयका पदाधिकारीको नियुक्तिका आधार र मापदण्डसम्बन्धी विनियम कार्यकारी परिषद्बाट पारित गरेकामा धन्यवाद दिनुभएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।प्रधानमन्त्रीले भन्नुभयो, "विश्वविद्यालयमा गुणात्मक सुधार ल्याए मात्रै मुलुकमा सकारात्मक परिवर्तन महसुस गर्न सकिन्छ। त्रिविमा खुला प्रतिस्पर्धाबाट पदाधिकारी नियुक्ति, शैक्षिक क्यालेन्डरलगायत क्षेत्रमा महत्वपूर्ण सुधार आएको छ। यसले राम्रो सन्देश दिएको छ। भविष्यमा समेत यी प्रयासहरू लागू हुनेछन् भन्ने विश्वास व्यक्त गर्दछु।"

भेटमा त्रिविका पदाधिकारीले प्रधानमन्त्री दाहालको कार्यकालमा शिक्षा क्षेत्र र विश्वविद्यालय सुधारमा ऐतिहासिक कामहरू भएको भन्दै त्रिवि सुधारमा आफूहरू पूर्ण समर्पणभावका साथ खटिने बताउनुभएको थियो ।रासस




अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# पहिरोले थपेको चुनौती

नारायणगढ र मुग्लिन सडकखण्डमा बर्सेनि पहिरो जाने गरेको छ। पहिरोसँगे कहालाी लाग्दो दुर्घटना नियति बन्न पुगेको छ । यस्तो जोखिमपूर्ण क्षेत्रको बाढीपहिरो रोकथाम एव.व्यवस्थापनबारे गम्भीर पहल हुन नसकेका कारण जोखिम यात्रा र दुर्घटनाको क्रम पनि रोकिएको छैन । भौगोलिक जटिलता केही हदसम्म समस्या हुन सक्छ। यसका अतिरिक्त त्यो सडकखण्डमाथि जथाभावी ग्रमीण सडक खनिने क्रमलाई पनि दुर्घटनाको कारक मान्न सकिन्छ। सिमलतालमाथि ढुंगाखानी पनि भइरहेको छ। माथिबाट आउने बाढी र पहिरो व्यवसथापन हुन नसक्दा यसको असर मुल सडकमा परिरहेको छ। यस्तो अवस्था त्यहाँको भूगोलअनुसार सडक डिजाइन , पहिरो रोकथामका लागि उपयुक्त डिजाइन महत्वपूर्ण पाटो हो। बर्सेनि पहिरो जाने क्रम र दुर्घटनाले भूगोलअनुसारको सडक डिजाइन नभएकोतर्फ नै संकेत गर्दछ। कम क्षमताको सडक बढी क्षमतामा सञ्चालन गर्दा पनि यस्तो समस्या आउने गरेको अनुमान छ। ०७२ को भूकम्प , सडक निर्माणका क्रममा मेसिनहरु प्रयोग गर्दाको कम्पनले पनि त्यहाँको भुगोल कमजोर बनाएकोतर्फ पनि संकेत गर्दछ। सभ्मवतः कमजोर भूगोल र कमजोर डिजाइनले बर्सेनि क्षति निम्त्याइ रहेको छ। त्यो सडकखण्डको माथि खनिएको ग्रामीण सडकमा पर्याप्त मात्रामा इन्जिनियरिंग प्रक्रिया पूरा नगरिएका कारण पनि विपति आउने गरेको हो कि :जस्ता सवाल उठनुलाई यथार्थका रुपमा स्वीकार गर्नु.पर्दछ। सन् १९७०-७४मा निर्माण गरिएको यो सडकमा बीच-बीचमा सामान्य विस्तारका काम भएकामा ठूलो पहिरो गएको थिएनन् । ०६०-६१ सालतिर ठूलै क्षति हुने गरी पहिरो गयो। त्यसपछि विस्तारको योजना बन्यो । ०७५ मा सडकलाई विशेष रुपमा विस्तार गरिएकोमा झन पटक-पटक पहिरो गएर चुनोती थपिदे गएको छ। कारण बहुआयामिक होला तर पर्याप्त भोगर्भिक र प्राविधिक अध्ययन मुल चुरोका रपमा देखिन्छ। पछिल्लो समय पालिकाहरुले इन्जिनियरिंग प्रक्रिया पूरा नगरी जथाभावी सडक खनेका छन् । प्राविधिकका अनुसार जोखिमयुक्त २४ किलोमिटरमा पहिरो नियन्त्रण गर्न १० अर्ब भन्दा बढी रकम चाहिन्छ। यसअघि पहिरो पहिचान गरिएका ३१ ठाउँको करिब सात मिटरमा नियन्त्रणका काममा गर्न ५० करोड रकम खर्च भएको थियो । हुन त सिमलताल क्षेत्रमा सडक विस्तार गर्दा पहाड नकाटिएको दाबी प्राविधिकको रहे पनि त्यो क्षेत्रमा पहिरो गइ कहाली लाग्दो अवस्था निम्त्याएको छ।

# भानुजयन्ती : नेपाली भाषाको स्तरीकरणको चासो



श्याम रिमाल

जलवायु परिवर्तनको व्यापक असर पर्नुअघिसम्म जतिबेला वर्षको तेस्रो महिना असार आउँथ्यो, अनि हामीकहाँ वर्षासँगै साहित्य, लोकसाहित्य, संस्कृतिको वर्षा हुन थाल्थ्यो । अहिले त वर्षा वैशाख, जेठमै अर्थात् असमयमै हुने गरेकाले पानी बर्सने वास्तविक महिना असारको महत्त्व पनि घट्दै गएको हो कि भन्ने भान पर्छ। संस्कृतका महाकवि कालिदासको 'मेघदूत' मा वर्णित महिना पनि यही असार नै हो । जुन बेला यक्षले कुबेरका दरबारमा रहेकी आफ्नी प्रियतमालाई पानी पार्ने बादलमार्फत आफ्नो प्रेमसन्देश पठाएका थिए।

मनसुनसँगै असारको वर्षाले दिने जल, शीतलता र हरियालीपूर्ण वातावरणले कवि, गीतकार, लोकगीत सङ्गीतकर्मीका हृदयमा काव्यात्मक रस भरिई अनेकथरिका काल्पनिक-यथार्थ साहित्यिक भावना बग्न थाल्छ । वर्षभरि मर्दापर्दा चाहिने धान रोपेर मङ्सिरसम्म पर्खने नेपाली समुदाय वा जाति असार महिनालाई एउटा पर्वकै रूपमा लिन्छ, अनि मध्यअसार अथवा असार १५ लाई त दहीचिउरा खाएर धान दिवस वा रोपाइँ महोत्सवकै रूपमा मनाउँछ । विसं १८७१ मा यसै महिनाको अन्तिमतिर नेपाली जातिले भविष्यको आदिकविकै रूपमा भानुभक्त आचार्यलाई पायो र आजपर्यन्त उनका स्मृतिमा भाषासाहित्यको चर्चा गरी राष्ट्रिय एकताको प्रवर्द्धनका लागि केही न केही योगदान गरिरहेका छन्।

असार २९ गते त एक संयोग मात्र न हो, तनहुँ, रम्घाका पण्डित श्रीकृष्ण आचार्य तथा उनका छोरा धनञ्जय आचार्य र बुहारी धर्मावतीका घरमा एक बालक जन्मनुपर्थ्यो, जन्मे, तर सो जन्मदिन ती बालकका हजुरबा, बाआमा तथा परिवार र वंशजका लागि मात्र नभई अहिले विश्वभर नै जहाँ जहाँ नेपाली जाति र नेपाली भाषाको प्रचारप्रसार भएको छ, त्यहाँ त्यहाँ हर्षोल्लास र गौरवका साथ मनाइन्छ र नेपाली जातीय-राष्ट्रिय एकतामा बल दिइन्छ । आचार्य भाषिक, साहित्यिक, धार्मिक, सांस्कृतिक, शैक्षिक क्षेत्रमा मात्र नभएर राजनीतिक क्षेत्रमा पनि चर्चाका पात्र बनिसकेका छन् र एकाधबाहेक सर्वत्र उनको गुणगान नै गाइन्छ, कमजोरी उधिनिन्न।

वाल्मीकिको 'रामायण' लाई मौलिक नेपाली भाषामा गरेको उनको अनुवाद कर्म नै नेपाल र नेपाली जातिका लागि एक युगीन, कालजयी काम हुन गयो। 'भानुभक्तको रामायण' खाली भाषा र साहित्यका लागि मात्र नभई हाम्रो धर्म, संस्कृति, दिनचर्या, राष्ट्रियता, जातीयता, सार्वभौमिकताका लागि अपूर्व र अनुपम कृति भइदियो । राष्ट्रनिर्माता पृथ्वीनारायण शाहले काठमाडौँ उपत्यका, बाइसे-चौबिसे राज्य आदिलाई भौगोलिक एकीकरण गरेर अस्तित्वमा जान लागेको नेपाल राज्यको पुनःस्थापना गरी नेपालीको अस्तित्व, गौरव र सानलाई जसरी पुनर्जीवित गरे, आचार्यले भावनात्मक एकता गराइदिएर त्यसमा अझै प्राण भरे, नेपाली नेपालीभित्रको नेपाली राष्ट्रियता-नेपाली जातीयता र नेपालीपनलाई ब्युँताइदिए। तत्कालीन नेपाल सरकारले दुवै व्यक्तित्वलाई 'राष्ट्रिय विभूति' भनी दिएको उपाधिले न्याय पनि दिएको छ।

भूगोलअर्थात् माटो मात्रले कुनै जाति, समुदाय, देशका जनता एकाकार हुन सक्दैनन्, तिनका मन र मुटुमा पनि एउटै देशीय रगत बगेको हुनुपर्छ । मानिस सिमानाले एकै देशका जनता भनिन बाध्य पारे पनि हृदयले जोडिन सकेनन् भने आफ्नो भूगोलको अस्तित्व संरक्षण गर्न प्रेरित हुँदैनन्। जसले नेपाल राज्यको अस्तित्व जोगाइदियो, ती पहलकर्ता पृथ्वीनारायण र जसले नेपाली भाषाका माध्यमबाट नेपाल र नेपाली भन्ने भावना जगाइदियो, ती जागरणकर्ता भानुभक्तलाई मान्न, तिनप्रति श्रद्धा व्यक्त गर्न र तिनका गुणगान गाउन किन अप्ठेरो मान्ने, किन धक लाग्ने ?

पृथ्वीनारायणले आफूहरूको भौगोलिक अस्तित्व मेटिदिएको र केन्द्रीकृत राज्य चलाएकाले उनलाई एकाथरिले साम्राज्यवादी-विस्तारवादी तथा निरङ्कुश राजाको आरोप लगाउनेले के चाहिँ बुझ पचाएरै नबुझे जस्तो गरिरहेका छन् भने, छेवैमा आउनै लागेको मुसलमान र अङ्ग्रेज सेनालाई पराजित नगरेको भए गोरखा राज्यको विस्तारित रूप नेपाल भन्ने राज्य यतिबेला अस्तित्वमै नरहने तथ्य करिब करिब शतप्रतिशत सत्य हो।

आपसमा लडाइँ-झगडा गरिरहने छिमेकी राज्यहरूको कमजोरी बुझेका विदेशी विस्तारवादीले ससाना मुलुक सजिलैसित हडप गर्थे र आफ्नो राज्यमा मिलाउँथे । कथं ससाना राज्य बचेकै भए पनि अहिले नजिकैको कुनै भूमि पुग्न अनेक झमेला भोग्नुपर्थ्यो । त्यसैले आफ्नो अस्तित्वकर्ता पृथ्वीनारायणलाई सम्मान र श्रद्धा व्यक्त गर्नु हाम्रो कर्तव्य हो । त्यस्तै जसले आफ्नो भाषा दियो, संस्कृति दियो, पहिचान दियो, तिनै भानुभक्तलाई पनि उत्तिकै नमन गर्नु हाम्रो दायित्व हो।

'बधूशिक्षा' काव्यमार्फत महिलालाई होच्याउने कवि भनेर एकथरिले उनको उछित्तो काढ्नु पनि त्यसबेलाको राष्ट्रिय परिवेशलाई बुझ्न नसक्नु हो । सामान्य कविता लेखेर वाचन गर्ने कविलाई त हामी वाहवाही गर्छौं भने 'भक्तमाला', 'रामगीता' 'प्रश्नोत्तर' जस्ता काव्य र तत्कालीन प्रशासनिक विकृति आदि उजागर गर्ने फुटकर कविता लेख्ने कविप्रति सम्मान गर्नु त सम्यक नै होला। 'रामायण' भानुभक्तको मौलिक काव्य होइन, तथापि त्यसमा प्रशस्त नेपालीपन, भाषा, शैली छ जसलाई सबै जातजातिका साक्षर नेपालीले लय हालेर पढ्न सके र विश्वको प्रथम खण्डकाव्यमा रहेको विषयवस्तुको रसास्वादन गर्न पाए। साक्षरले पढेका श्लोकलाई निरक्षर नेपालीले पनि सुनेर कान र मनलाई आनन्दमय बनाए, धर्मसंस्कृति चिने । आचार्यभन्दा पहिले पनि नेपालीमा लेख्ने कविहरू भएकाले उनलाई नै किन 'आदिकवि' मान्ने भन्ने बहस पनि नेपाली साहित्यमा छ।

अरूले काव्यलेखनमा संस्कृत, हिन्दी, उर्दू आदि मिसमास गर्थे भने भानुभक्तले बहुशब्दहरू नेपाली नै प्रयोग गरे अर्थात् त्यसलाई नेपाली शैलीमा चलाखीपूर्ण ढाले । भारतलाई चिनाउने विश्वकवि रवीन्द्रनाथ ठाकुर जस्तै नेपाललाई विश्वभर चिनाउन सक्ने भानुभक्त आचार्य नै हुन् भन्ने तत्कालीन राणाशासकहरूलाई लागेको पनि हुन सक्छ । नेपालका सबै भाषा राष्ट्रिय भाषा भएकाले अब नेपाली भाषालाई मात्र विशेष महत्त्व दिन मिल्दैन।

नेपालमा बोलिने सबै मातृभाषा राष्ट्र भाषा हुन्। देवनागरी लिपिमा लेखिने नेपाली भाषा नेपालको कामकाजको भाषा र नेपालीहरूबिचको सम्पर्क भाषा पनि हो। तथापि संविधानले प्रदेशहरूमा भने बहुसङ्ख्यक बोल्ने एक वा एकभन्दा बढी राष्ट्रभाषा प्रदेशको सरकारी कामकाजको भाषाका रूपमा निर्धारण हुन सक्ने जनाएको छ । सोहीअनुरूप बागमती प्रदेश सरकारले कानुन नै ल्याएर तामाङ र नेपाल भाषालाई कामकाजका भाषाका रूपमा निर्धारण गरी यसै साल गत वैशाख २४ गते नेवारी वा नेपाल भाषालाई भव्य उद्घाटनबिच आधिकारिक रूपमा प्रयोगमा ल्याइसकेको छ।

> भानुभक्तका पूर्वज र भानुभक्तले सुरु गरेको नेपाली भाषाको प्रयोगको अवस्था अहिले एकरूपता, स्तरीकरण र मानकीकरणको विवादसम्म आइपुगेको छ ।

यसैगरी सबै प्रदेशमा बहुसङ्ख्यकले बोल्ने भाषालाई सरकारी कामकाजका भाषाका रूपमा ल्याउन सके भाषाहरूको स्तरीकरण, प्रवर्द्धन गर्न सहयोग पुग्ने छ। यसरी नै हरेक प्रदेशमा बोलिने लोप हुन लागेका मातृभाषाहरूको संरक्षण र विकासका लागि सम्बन्धित भाषाको कोश, व्याकरण आदि निर्माण प्रक्रियालाई गति दिनसक्नुपर्छ।

सञ्चारमाध्यमहरूले पनि आफ्ना सेवामा विविधता दिनका लागि नेपाली र अङ्ग्रेजी भाषाका अतिरिक्त मातृभाषामा पनि समाचार र कार्यक्रम निर्माण गर्नुपर्छ । राज्यको स्वामित्वमा रहेका गोरखापत्र संस्थान, रेडियो नेपाल, राष्ट्रिय समाचार समिति र नेपाल टेलिभिजनले त्यस दिशामा कदम चालिसकेका छन् र हरेक आर्थिक वर्षमा आफूले प्रवर्द्धन गर्ने मातृभाषाहरू विस्तार गर्दै लगिनुपर्छ । त्यसका लागि सङ्घीय र प्रादेशिक सरकार तथा स्थानीय तहले समन्वय गरी बजेट पनि विनियोजन गर्नुपर्छ।

कुनै पनि भाषा मानव सभ्यताकै एक प्रमुख अङ्ग हो जसको जन्म, हुर्काइ र विकासका लागि हजार वर्ष लाग्न सक्छ। त्यसैले हरेक भाषा मर्न नदिन केन्द्र र प्रदेश सरकार तथा स्थानीय तह संयुक्त रूपमा लाग्नुपर्छ। यसमा सम्बन्धित भाषामा काम गरिरहेका सङ्घसंस्थालाई समेटिनुपर्छ । नेपालका सबै भाषाले फल्नफुल्न पाउनुपर्छ, तिनको अस्तित्व जोगाउनुपर्छ र सबैको प्रवर्द्धन पनि हुनु जरुरी छ।

भानुभक्तका पूर्वज र भानुभक्तले सुरु गरेको नेपाली भाषाको प्रयोगको अवस्था अहिले एकरूपता, स्तरीकरण र मानकीकरणको विवादसम्म आइपुगेको छ । व्यक्तिपिच्छे, संस्थापिच्छे यसको प्रयोगमा अनेकता व्याप्त छ । बालबालिका र विद्यालयदेखि विश्वविद्यालयहरूमा वर्ण र वर्णविन्यास लेखनमा आएको विभिन्नता र विविधताले सबैलाई पिरोलेको छ । भाषाविद्, वैयाकरण र प्रयोक्ताबीच यस सम्बन्धमा अहंसमेत जोडिएर आएको छ। भाषा विवादको कुरा सङ्घीय सरकार र अदालतसम्म पुगेको अवस्था रह्यो।

सर्वोच्च अदालतले भाषाको प्रयोगमा सरकारी संस्थाहरूले आदेश दिएर दबाब दिने र लाद्न नमिल्ने भनी फैसला नै गर्नुपर्‍यो । अब अदालतको आदेशानुसार सरकारी सङ्घसंस्था भाषा आयोग, नेपाल प्रज्ञा -प्रतिष्ठान, त्रिविलगायत विश्वविद्यालय, साझा प्रकाशन, पाठ्यक्रम विकास केन्द्रलगायतले भाषाको स्तरीकरणका लागि भाषाविद्, वैयाकरण, सञ्चारमाध्यमलगायत प्रयोक्ता आदिको सहभागितामा छलफल, बहस, गोष्ठी, सम्मेलन आयोजना गरेर भाषा, व्याकरण, वर्णविन्यासका सम्बन्धमा एउटा निर्णयमा पुग्नु जरुरी छ।

यिनको जन्ममिति १८६९ भनिनेदेखि 'भर्जन्म घाँसतिर मन दिई धन कमायो...मो भानुभक्त धनी भैकन आज यस्तो' कवितामा प्रयुक्त ' मो' युवककवि मोतीराम भट्ट, जसले 'भानुभक्तको जीवनी' लेखी प्रकाशनमा ल्याए, को सम्म भनेर विवाद पनि भयो । 'बधूशिक्षा' लाई आधुनिक समालोचकले तल्लोस्तरको भनी टिप्पणी पनि गरे। छोरा रमानाथलाई काठमाडौँबाट लेखिएको चिट्ठीमा उनी निकै कूर देखिएका छन्।

यी त तपसिलका कुरा हुन्। मूल कुरा उनको योगदानको क्षेत्र र कमजोरीभन्दा गुण नै बढी चर्चा गरी उनले उत्तराधिकारका रूपमा छाडेको नेपाली भाषा र सबै मातृभाषा जोगाउनु हामी सबैको दायित्व हो। आफ्नोपहिचानको भाषाको विद्रुपीकरणले हाम्रो राष्ट्रियतामाथि नै आँच पुग्न सक्ने कुरामा दूरदृष्टि हुनुपर्छ।

अर्को महत्वपूर्ण कुरा भने भानुजन्मस्थल तनहुँ, रम्घा, चुँदीबेँसीलाई नेपाली भाषा र साहित्यको तीर्थस्थलका रूपमा विकास गरिनुपर्छ । तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराँतीका पालामा ल्याइएको भाषा सङ्ग्रहालयलाई मूर्तरूप दिन योजना तथा कार्यक्रम बनाइनुपर्छ। अझ महत्त्वपूर्ण त भानुजयन्तीलाई नेपालको राष्ट्रिय भाषा दिवसकै रूपमा मनाएर भाषा, नेपाली भाषा र सबै मातृभाषाको महत्त्वबारे व्यापक चर्चा गरिनुपर्छ । (लेखक राससका नायब महाप्रबन्धक हुनुहुन्छ)रासस

# विकास प्रयासमा देखिएका चुनौती, सामाजिक न्याय र समृद्धि

डा दिनेशचन्द्र देवकोटा

काठमाडौँ, २८ असार (रासस): आर्थिक वर्ष २०८०/८१ को प्रस्तावित बजेट रु एक हजार ७५१ अर्ब भए तापनि संशोधनगरी यस वर्ष एक हजार पाँच सय ३० अर्बमा घटाइएको छ। यसै सन्दर्भमा, आव २०८१/८२ मा एक हजार ८६० अर्बको प्रस्तावित बजेट संसद्बाट पास भए पनि कार्यान्वयनमा चुनौती देखिन्छ । यसमा वैदेशिक अनुदान आव २०८०/८१ मा रु ५० अर्ब प्रस्तावित भए पनि यसवर्ष जेष्ठसम्म रु तीन अर्ब मात्र प्राप्त हुनु दुःखको कुरा हो।

हामीले विदेशसँग आर्जन गर्न नसकेको विश्वसनीयता र अरू स्रोतहरू समेत अनुमान गरिएको तुलनामा उठ्न नसक्नु आफैँमा गम्भीर विषय हो। मुलुकको राजस्व आशातीत परिचालित हुन नसक्नु, पुँजीगत खर्च गर्न नसक्नु, स्वदेश र विदेशबाट ऋण प्रस्तावित कार्यान्वयन हुन नसक्नु तथा साँवा र ब्याज राष्ट्रले तिर्ने ऋणको भार बढ्दै जानु यो परिस्थितिमा अबको समृद्धिको यात्रामा चुनौतीका विषय हुन् । संविधानमा उल्लेखित समाजवाद उन्मुख राज्यव्यवस्था मूलतः लोककल्याणकारी चरित्रको उदार, खुला र प्रतिस्पर्धी हो। तर, संविधानमा जे व्यावस्था भए पनि कार्यान्वयमा समस्या भने देखिन्छ । यसै विषयमा हामीले विकास प्रयासमा देखिएका चुनौतीहरूको विश्लेषण गरेका छौँ।

गरिबी र असमानता : गरिबी र असमानता नेपालको विकासको प्रमुख बाधक हुन् । ग्रामीण क्षेत्रका जनताले पर्याप्त सुविधा र अवसरहरू प्राप्त गर्न नसकिरहेको अवस्थामा शहरी क्षेत्रका जनताहरूले तुलनात्मक रूपमा बढी सुविधा र अवसरहरू पाउँदैछन्। आर्थिक असमानताले सामाजिक असन्तुलन पैदा गरिरहेको छ । उदाहरणका लागि, ग्रामीण क्षेत्रमा आधारभूत स्वास्थ्य र शिक्षाको पहुँच सीमित छ, जसले गर्दा गरिबीको चक्रलाई तोड्न कठिनाइ भएको छ।

शिक्षा र स्वास्थ्य : शिक्षा र स्वास्थ्य सेवाहरूको अभाव विकासको लागि अर्को ठूलो बाधा हो। ग्रामीण क्षेत्रका विद्यालयहरूमा आधारभूत सुविधाहरूको कमी छ । शिक्षण स्तर सुधार गर्न र गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्न सरकारले पर्याप्त स्रोत उपलब्ध गराउनुपर्छ । स्वास्थ्य सेवाहरूमा पहुँच सीमित छ, जसले गर्दा ग्रामीण क्षेत्रका जनताहरूलाई स्वास्थ्य सेवाको पहुँचमा समस्या भएको छ।

रोजगारी र व्यवसाय : रोजगारी र व्यवसायको कमीले पनि नेपाललाई आर्थिक रुपमा पछि पारेको छ। युवा वर्ग बेरोजगार छ। यसले गर्दा उनीहरूको क्षमताको सही प्रयोग हुन सकेको छैन । व्यावसायिक वातावरण सुधार गर्न र स्वरोजगार प्रवर्द्धन गर्न ध्यान दिनु आवश्यक छ। बेरोजगारीले गर्दा युवा विदेसिन बाध्य छन्। यसले देशमा 'ब्रेन ड्रेन'को समस्या उत्पन्न गरेको छ। देशको विकासका लागि युवा शक्तिलाई सही ढङ्गले प्रयोग गर्न सरकारले रोजगारीका अवसरहरू सिर्जना गर्नुपर्छ।

पूर्वाधार विकास : पूर्वाधार विकासमा पनि धेरै काम गर्न बाँकी छ। यातायात, सञ्चार, विद्युत् आदि क्षेत्रहरूमा लगानीको आवश्यकता छ । ग्रामीण क्षेत्रका लागि विशेष पूर्वाधार विकास कार्यक्रमहरू आवश्यक छन्। यसले गर्दा गाउँगाउँमा पनि विकासको पहुँच पुग्न सकोस् । नेपालको भौगोलिक विविधता र कठिनाइका कारण पूर्वाधार विकास चुनौतीपूर्ण छ। ग्रामीण क्षेत्रहरूमा यातायात र सञ्चारको पहुँच सीमित छ।

यसलाई सुधार गर्न सरकार र निजी क्षेत्रले मिलेर काम गर्नुपर्दछ।

सुशासन र पारदर्शिता : सुशासन र पारदर्शीता विकासको महत्वपूर्ण आधार हो । भ्रष्टाचारले विकास प्रयासहरूमा अवरोध पुर्‍याइरहेको छ । प्रशासनिक प्रक्रियाहरूलाई सरल र पारदर्शी बनाउन आवश्यक छ। यसले गर्दा जनताले सरकारप्रति विश्वास कायम गर्न सकून्। नेपालमा भ्रष्टाचार व्यापक रूपमा फैलिएको छ। यसले विकास प्रयासहरूमा गम्भीर अवरोध पुर्‍याइरहेको छ । प्रशासनिक सुधार र भ्रष्टाचार नियन्त्रणका लागि कडा कदम चाल्नुपर्दछ । पारदर्शीता र जवाफदेहीता बढाउन सरकार र गैरसरकारी संस्थाहरूले मिलेर काम गर्नुपर्छ।

वातावरण संरक्षण र जलवायु परिवर्तन : वातावरण संरक्षण विकाससँगै अघि बढ्नुपर्ने महत्वपूर्ण विषय हो। वातावरणीय सन्तुलन कायम राख्न र प्राकृतिक स्रोतहरूको दिगो उपयोग सुनिश्चित गर्न आवश्यक छ। जलवायु परिवर्तनको प्रभावलाई मध्यनजर राख्दै विकास रणनीतिहरू तयार गर्नुपर्छ । यसले गर्दा भविष्यका पिँढीहरूलाई स्वस्थ र सुरक्षित वातावरण मिलोस्। नेपाल प्राकृतिक स्रोतहरूले धनी देश हो। यिनको सही संरक्षण र व्यवस्थापन नगर्ने हो भने वातावरणीय सङ्कट उत्पन्न हुन सक्छ। जलवायु परिवर्तनका चुनौतीहरूलाई सामना गर्न र वातावरणीय सन्तुलन कायम राख्न सरकार, निजी क्षेत्र र नागरिक समाजले संयुक्त प्रयास गर्नुपर्छ।

सामाजिक न्याय : सामाजिक न्यायको सुनिश्चितता विकासको आधार हो । सबै वर्ग र समुदायलाई समान अवसर र सुविधाको पहुँच सुनिश्चित गर्नुपर्छ। लैङ्गिक समानता, जातीय समानता र सामाजिक समावेशीकरणमा ध्यान दिनुपर्छ, जसले गर्दा समाजको हरेक तप्काले विकासको लाभ प्राप्त गर्न सकोस्। नेपाल बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक देश हो । यहाँ विभिन्न जाति, भाषा र संस्कृतिका मानिसहरू बसोबास गर्छन्। यिनको अधिकार र अवसरको समान सुनिश्चितबिना विकास सम्भव छैन।

लैङ्गिक समानता र सामाजिक समावेशीकरणमा विशेष ध्यान दिनुपर्छ।

दलाल पुजीवादको विकास : सन् १०८० को शुरुदेखि नै नेपालले आर्थिक क्षेत्रमा उच्च व्यापार तथा शोधनान्तर घाटा, बढ्दो बजेट घाटा, मुद्रास्फीति, तथा घट्दो विदेशी मुद्रा सञ्चितिजस्ता समस्याको सामना गर्नुपर्‍यो। सन् १०८५ मा नेपालमा पनि आर्थिक सुधारका नाममा राज्यको भूमिका घटाउने र खुला बजार अर्थतन्त्र अपनाउने अवस्था आयो। व्यापार, वित्तीय र विनिमय प्रणालीको उदारीकरण यसैबेलादेखि सुरु भयो।

नेपालको समाजवाद निर्माणः अहिले नेपाल एकातिर प्रतिस्पर्धी राजनीति, खुला समाज, खुला व्यापार, निजी क्षेत्रको वाहुल्य भएको अर्थतन्त्र, वाह्य सहायतामा आधारित सार्वजनिक वित्त स्थिति, उच्च लगानीका लागि बाह्य पूँजीमाथिको निर्भरता तथा अर्थतन्त्रमा सार्वजनिक क्षेत्रको कमजोर अवस्थितिका बीचमा छ भने अर्कातिर उच्च आर्थिक वृद्धि, सामाजिक न्यायसहितको विकास, सामाजिक सुरक्षा र समृद्धिको बाटोबाट छिटोभन्दा छिटो समाजवादतर्फ सङ्क्रमण गर्नुपर्ने आकांक्षामा पनि छ।

मुलुकी संहिता कार्यान्वयन, संविधानमा उल्लेखित मौलिक हकको पूर्ण कार्यान्वयन, प्रतिस्पर्धी र समाजप्रति जिम्मेवार निजी क्षेत्रको विकास, शिक्षा, स्वास्थलगायतका आधारभूत सामाजिक सेवामा राज्यको दरिलो उपस्थिति, आर्थिक पूर्वाधारको विकास, सामाजिक संरक्षण र सुरक्षामा राज्यको उत्तरदायी भूमिका, उत्पादनका साधनमा बहुसङ्ख्यक जनताको पहुँच, राष्ट्रिय उद्योगको विकास र न्यायपूर्ण उत्पादन सम्बन्धबाट समाजवादतर्फ अघि बढ्नु आजको मार्गचित्र हो।

मुख्य सुधार गर्नुपर्ने क्षेत्र वन, कृषि शिक्षा : वनको सदुपयोग अझै विस्तारीत रुपमा हुन सकेको छैन। वन पैदावरलाई उपयोग गर्ने नीति आवश्यक देखिन्छ । काठजन्य सामग्री आयातबाट अर्थतन्त्रमा गम्भीर असर परेको छ । आयात रोक्ने एउटा उपाय भनेको वन पैदावरको सही उपयोग पनि हो । त्यस्तै कृषि प्रदन देश नेपालमा व्यावसायिक कृषि गर्नु अनिवार्य बनेको छ। आन्तरिक उत्पादनलाई प्राथमिकता दिँदै आत्मनिर्भर र निर्यातमुखी कृषि अहिलेको आवश्यकता हो।

त्यस्तै, विद्यार्थीको सिकाइको स्तर सुधार्न नसक्नु नेपालको शिक्षा प्रणालीको सबैभन्दा पेचिलो विषय बनेको छ। अर्थतन्त्रसँग जोड्न नसक्नु पनि यसको गम्भीर समस्या हो। यसले विद्यालयदेखि विश्वविद्यालय तहसम्म सार्वजनिक शिक्षामा सरकारले गरेको लगानीबाट न्यून प्रतिफल प्राप्त भएको छ । शिक्षाको गुणस्तरमा देखिएका यी यावत् समस्याका कारण शिक्षाले नेपालको आर्थिक वृद्धिमा अपेक्षाकृत योगदान दिन सकेको देखिँदैन । यस विषयमा पर्याप्त अध्ययन अनुसन्धान र गरमागरम सार्वजनिक बहस निर्माण हुन नसक्नु नेपालका लागि अर्को विडम्बना हो।

समृद्धिका लागि ठोस कदमः यी सबै मुद्दाहरूलाई मध्यनजर राख्दै नेपालले आफ्नो विकास प्रयासहरूलाई अघि बढाउनुपर्छ । सामाजिक न्याय र समृद्धिको लागि ठोस कदमहरू चाल्न आवश्यक छ, जसले गर्दा सबै नेपालीले विकासको लाभ प्राप्त गर्न सकून्। विकास प्रयासहरूमा सबैको सक्रिय सहभागिता र सहयोगले मात्र देशलाई समृद्धिको यात्रामा अघि बढाउन सकिन्छ।

समग्र नेपालको हाल चलिरहेको आर्थिक ढाँचामा पुनरावलोकन गरी वैदेशिक व्यापारबाट सामान आयात गर्ने, भ्याटबाट राजश्व सङ्कलन गर्ने, रेमिट्यान्सको पैसा विदेश पठाइ राजस्व उठ्दा रमाउने सोचलाई परिवर्तन गरी नेपालको विशिष्टमा आधारित हरित अर्थतन्त्र, पानी, वन, कृषि, जडीबुटी, वन्यजन्तु र पर्यावरणीय पर्यटनलाई सम्वर्द्धन-प्रवर्द्धन गर्ने सकिने र छरिएको पुँजी एकीकृत भई राष्ट्रिय पुँजी निर्माण हुँदै स्वाभिमानी अर्थतन्त्रको निर्माण र आफ्नै मौलिकतामा आधारित समाजवादउन्मुख बाटोमा अर्थतन्त्रलाई लैजान सकिन्छ।

नेपाललाई सामाजिक न्याय र समृद्धिको मार्गमा अगाडि बढाउन यी चुनौतीहरूलाई समाधान गर्दै सरकार र सरोकारवाला निकायहरूले ठोस कदम चाल्नु आवश्यक छ। समृद्ध नेपालको सपना साकार पार्न सबै क्षेत्रबाट एकजुट प्रयास आवश्यक छ।

देशको समग्र विकासको लागि शिक्षा, स्वास्थ्य, रोजगारी, पूर्वाधार, सुशासन, वातावरण संरक्षण र सामाजिक न्यायमा विशेष ध्यान दिनुपर्छ । यसरी मात्र हामीले समृद्ध नेपाल र सुखी नेपालीको लक्ष्य प्राप्त गर्न सक्छौँ । (डा देवकोटा बागमती प्रदेशसभा सदस्य तथा राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष हुनुहुन्छ)

# सत्ता सहकार्यका लागि कांग्रेस र एमालेको निर्णय कुर्दै साना दल




काठमाण्डु । मुलुकका प्रमुख राजनीतिक दल नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) बीच भएको समझदारीअनुरूप एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्रीमा नियुक्त हुनुभएको छ । राष्ट्रपति रामचन्द्र पौडेलले संविधानको धारा ७६ को उपधारा (२) बमोजिम नियुक्त प्रधानमन्त्री नियुक्त गर्नुभएपछि अब नयाँ सरकार गठन औपचारिक रूपमा सरू भएको छ । प्रधानमन्त्री ओलीले सोमबार नै मन्त्रिमण्डल गठन गर्नुहुने तयारी छ ।

सरकार गठनका लागि कांग्रेस र एमालेसँग पर्याप्त सांसद भए पनि अन्य दललाई समेत साथमा लिएर अगाडि बढ्ने मनस्थितिमा दुवै दल छन् । संसद्का अधिकांश साना दलले नयाँ सरकारलाई समर्थन गर्ने निर्णय नै गरिसकेका छन् । ती दलले शुक्रबार प्रधानमन्त्री दाहालको विश्वासको मतको विपक्षमा मतदान गरेर नयाँ सरकारलाई समर्थन गरिसकेका छन् भने केही दलले सरकारमा सहभागी हुने वा नहुने भनेर निर्णय गरेका छैनन् । यी दल पर्ख र हेरको रणनीतिमा रहेका बुझिएको छ । जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), जनता समाजवादी पार्टी (जसपा) नेपाल, जनता समाजवादी पार्टी र नागरिक उन्मुक्ति पार्टी नयाँ सरकारमा सहभागितालगायतका विषयमा प्रमुख गठबन्धन दलको औपचारिक धारणाको पर्खाइमा छन् । ती दलले आफूले पाउने मन्त्रालयको भागबण्डापछि मात्रै कसलाई मन्त्रीमा पठाउने भनेर निर्णय गर्ने प्रतिक्रिया दिएका छन् ।

जनमत पार्टीका प्रवक्ता डा शरदसिंह यादवले नयाँ सरकारलाई पार्टीले समर्थन गरिसकेकाले सरकारमा सहभागीताबारे पर्ख र हेरको नीतिमा रहेको बताउनुभयो । "हाम्रो पार्टीको प्राथमिकता मधेश प्रदेश सरकार हो, सङ्घीय सरकारलाई समर्थन गरेकाले पार्टीले पाउने मन्त्रालयको जिम्मेवारीपछि मात्रै आवश्यक छलफल हुन्छ र मन्त्री कसलाई बनाउने भन्ने निर्णय हुन्छ", उहाँले भन्नुभयो ।

लोसपाका प्रमुख सचेतक रामप्रकाश चौधरीले नयाँ सरकारमा सहभागिताबारे सत्ता साझेदार दलसँगको छलफलपछि पार्टीले आवश्यक निर्णय लिने बताउनुभयो । उहाँले भन्नुभयो, "पार्टीले सरकारलाई समर्थन गरिसकेको छ, मन्त्री छनौटको जिम्मेवारी पार्टी अध्यक्षलाई दिइएको छ । गठबन्धन दलसँग छलफल गरेर मन्त्रालयको टुङ्गो लागिसकेपछि कसलाई मन्त्री बनाउने भन्ने निर्णय हुन्छ ।" लोसपाका नेता राजकिशोर यादवले नयाँ सरकारमा सहभागी हुनेबारे पार्टीमा छलफल भइनसकेको बताउनुभयो ।


जनता समाजवादी पार्टीका महासचिव मोहम्मद इतियाक राईले सरकारमा सहभागिताबारे अहिले पार्टीभित्र छलफल नभएको बताउनुभयो । नागरिक उन्मुक्ति पार्टी पनि सत्ता सहकार्यबारे सकारात्मक रहेको छ । मन्त्रालयको भागबण्डा मिलेपछि मात्रै मन्त्री छनोटको विषयमा पार्टीले छलफल गर्ने सो पार्टीले जनाएको छ ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले भने सरकारमा सहभागिताबारे कांग्रेस र एमालेसँगको छलफलपछि मात्रै आगामी रणनीति तय गर्ने पार्टी प्रवक्ता मोहन श्रेष्ठले बताउनुभयो । उहाँले भन्नुभयो,"अहिले पार्टीले केही धारणा बनाएको छैन, सत्ता साझेदार दलहरू कसरी आउनुहुन्छ, सोहीअनुरूप पार्टीले निर्णय लिनेछ ।"रासस

# ओली प्रधानमन्त्रीमा नियुक्त भएपछि झापावासी हर्षित

भद्रपुर । नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओली चौथोपटक प्रधानमन्त्री बनेपछि गृहजिल्ला झापावासी हर्षित भएका छन् । जिल्लामा विकास निर्माणलगायतका कामले थप गति लिने अपेक्षासहित जिल्लावासी हर्षित भएका हुन् ।

राष्ट्रपति रामचन्द्र पौडेलले आइतबारै उहाँलाई नेपालको संविधानको धारा ७६(२) अनुसार प्रधानमन्त्री पदमा नियुक्त गर्नुभएको हो । झापा निर्वाचन क्षेत्र नं ५ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित प्रधानमन्त्री ओलीले विगतका कार्यकालमा जिल्लामा सुरू गरेका विकास निर्माणका योजनाले पूर्णता पाउनुका साथै आगामी दिनमा नयाँ योजना थपिनेमा जिल्लावासी आशावादी छन् ।



कन्काई नगरपालिका-४ का खगेन्द्र उप्रेती जिल्लावासी चौथोपटक देशको कार्यकारी नेतृत्वमा पुग्नु गौरवको कुरा भएको बताउनुहुन्छ । प्रधानमन्त्री ओलीले विगतमा गरेका वाचा पूरा गर्न सकेमा झापावासीका लागि त्यही नै ठूलो उपहार हुने उप्रेतीको भनाइ छ ।

मेचीनगरका पर्यटन व्यवसायी चन्द्र कार्कीले ओली प्रधानमन्त्री भएसँगै झापाको पर्यटन क्षेत्र थप चलायमान हुने अपेक्षा व्यक्त गर्नुहुन्छ । पर्यटकीयस्थल किच्चकबध, केचना, सतासीधाम, जमुनखाडी सिमसारलगायतका क्षेत्रमा पर्यटन प्रवर्द्धन गर्ने खालका ठूला योजना आउनेमा आफूहरू आशावादी भएको उहाँले बताउनुभयो । साथै पर्यटकलाई काँकरभिट्टा नाका हुँदै तेस्रो मुलुकबाट नेपाल प्रवेश गर्न केही वर्षदेखि लगाइएको रोक हटाउन सकेमा यस क्षेत्रको विकास ठूलो टेवा पुग्ने र यसमा प्रधानमन्त्री ओलीले पहल गर्ने यहाँका सबै व्यवसायीले अपेक्षा गरेको कार्कीले सुनाउनुभयो ।

भद्रपुर नगरपालिका-१० का मेघराज राजवंशीले प्रधानमन्त्री ओलीको नेतृत्वमा जिल्लाका रणनीतिक सडक निर्माण सम्पन्न गर्न सहज हुने आशा जागेको बताउनुभयो । सडक डिभिजन दमकका सूचना अधिकारी इञ्जिनीयर गौतमकुमार देवले बजेट अभावले जिल्लाका पाँचवटै निर्वाचन क्षेत्रका रणनीतिक सडक अधुरा रहेका र सबै क्षेत्रमा रु नौ करोड बजेट अभाव रहेको जानकारी दिनुभयो ।

झापा गाउँपालिका वडा नं २ का अध्यक्ष हिमालकुमार चम्लागाईंका अनुसार वर्षाको समयमा कन्काइ, बिरिङ, मेची, रतुवा जस्ता ठूला नदीले जिल्लाको दक्षिणी क्षेत्र डुबान भई गाउँबस्ती नै विस्थापित हुने अवस्था छ ।

उहाँले जिल्लावासी नै देशको नेतृत्वमा पुगेसँगै डुबान रोक्न नदी किनारमा स्थायी तटबन्ध निर्माण हुने आशा व्यक्त गर्नुभयो ।रासस

# चार महिनामा आशा जगाउने काम गरेको छु: अर्थमन्त्री पुन

काठमाण्डु । अर्थमन्त्री वर्षमान पुनले दोस्रो कार्यकाल सन्तोषजनक रहेको बताउनुभएको छ । अर्थ मन्त्रालयका कर्मचारीद्वारा आइतबार आयोजित विदाइ कार्यक्रममा उहाँले आगामी आर्थिक वर्षको बजेटमार्फत मुलुकको भावी विकास र अर्थतन्त्रको मार्गचित्र कोर्न सफल भएकोसमेत दाबी गर्नुभयो ।

उहाँले चार महिने कार्यकालमा आफू जिम्मेवारीमा नरहे पनि आफ्नो अनुभव र शिक्षाका आधारमा मुलुकको अर्थतन्त्र सुधारका लागि नयाँ आउने मन्त्रीसँग सहकार्य हुने उहाँले बताउनुभयो । आगामी आवको बजेटमार्फत विद्यमान शिथिल अर्थतन्त्रमा सुधार तथा निजी क्षेत्र र युवा वर्गमा आशा जगाउने खालका कार्यक्रम ल्याइएको उहाँले जिकिर गर्नुभयो । बाह्र वर्षअघि पहिलोपटक १८ महिना अर्थमन्त्रीको जिम्मेवारीमा रहँदा दुई आर्थिक वर्षमा पुरक बजेट ल्याएको स्मरण गर्दै उहाँले यसपटक संसद्बाट पूर्ण बजेट ल्याउने मौका पाएकामा खुसी व्यक्त गर्नुभयो । "केही आशा जगाउने गरी बजेट ल्याएको छु । चार महिना एक साताको कार्यकालबाट म सन्तुष्ट छु", अर्थमन्त्री पुनले भन्नुभयो, "मलाई अर्थ मन्त्रालय परिवार र नेपाल राष्ट्र बैंकका गभर्नरसहित सम्वद्ध सबैबाट राम्रो सहयोग मिल्यो ।"

आगामी आर्थिक वर्षको बजेट निर्माण प्रक्रियालाई सहभागितात्मक बनाइएकाले विगतको तुलनामा यसपटकको बजेटको स्वामित्व धेरैले लिएको उहाँको भनाइ थियो । सरकारको नीति तथा कार्यक्रम, बजेट र मौद्रिक नीतिमा तालमेल नहुँदा मुलकको समग्र अर्थतन्त्रमा त्यसको नकारात्मक प्रभाव पर्ने गरेको विगतबाट सिकेर योपटक बढीभन्दा बढी निकाय र सरोकारवालाको सहभागितामा बजेट निर्माण गरिएको अर्थमन्त्री पुनको भनाइ छ ।

"एक वर्ष बसे पनि, चार महिना बसे पनि अर्थमन्त्रीले गर्ने मुख्य काम बजेट ल्याउनु नै हो । जहिले पनि बजेट विवादमा आउने र कसैले स्वामित्व नलिने अवस्था रहँदै आयो । प्रधानमन्त्री कार्यालयमा बन्ने नीति तथा कार्यक्रम एक खालको, अर्थ मन्त्रालयमा बन्ने बजेट अर्को खालको र राष्ट्र बैंकले ल्याउने मौद्रिक नीति अर्कै खालको हुने गरेको थियो", उहाँले भन्नुभयो, "राज्यका नीतिहरु समन्वयात्मक ढङ्गले आउनुपर्छ भनेर यसपटक बजेट निर्माणमा सुरुदेखि नै बजेट बनाउँदा योजना आयोगका, उपाध्यक्ष, राष्ट्रबैंकका गर्भनर र मुख्यसचिवलाई सुरुदेखि नै सहभागी गराइयो ।"

मलुकु आर्थिक शिथिलताबाट माथि उठ्दै गर्दा तयार पारिएको बजेटले आशा जगाएको अर्थमन्त्री पुनको भनाइ छ । विगतमा जस्तो यसपटक बजेट महत्वाकांक्षी नरहेकाले कार्यान्वयन हुनेमा शङ्का नरहेको उहाँले उल्लेख गर्नुभयो । मुलुकको भू-अवस्थितिअनुसार आर्थिक विकासको अवधारणा र रुपान्तरणकारी योजना बनाउनुपर्ने विषयलाई ध्यान दिएर यसपटक विगतमा जस्तै कृषि, जलविद्युत, पर्यटन र उत्पादममुलक उद्योगमा जोड दिइए पनि सूचना प्रविधि क्षेत्रलाई महत्वका साथ समावेश गरिएको चर्चा मन्त्री पुनले गर्नुभयो । "सूचना प्रविधिमा हाम्रो प्रतिस्पर्धी क्षमता छ । भू-अवस्थितिका कारणले पनि त्यो क्षेत्रमा विश्वव्यापी प्रतिस्पर्धी क्षमता बन्न सक्छ भन्ने मेरो विश्वास हो", उहाँले भन्नुभयो ।

> अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैंकले एक अर्काका प्रतिस्पर्धी नभई समन्वयमा काम गर्नुपर्ने भएपनि विगतमा विविध कारणले त्यसो हुन नसकेको अनुभव यसपटक आफूले गर्नुनपरेको पुनले अनुभव सुनाउनुभयो ।

दुई छिमेकी मुलुक भारत र चीनको विकसित र सुदृढ अर्थतन्त्रबाट प्रत्यक्ष लाभ लिने गरी बजेटमार्फत् योजना अघि सारिएको पुनको दाबी छ । "विगतमा बजेट छरियो, आकार ठूलो भयो, महत्वाकांक्षी भयो, कार्यान्वयन हुँदैन भन्ने गरिन्थ्यो । धेरैको अपेक्षाविपरीत हामीले सही आकारको र यथार्थपरक बजेट प्रस्तुत गरेका छौं", उहाँले भन्नुभयो, "विश्व आर्थिक केन्द्र बन्दै गइरहेको दुवै छिमेकका विकसित अर्थतन्त्रबाट फाइदा लिनुपर्छ भनेर योजना र कार्यक्रम ल्याएका छौं ।"

बढ्दो वैदेशिक मुद्रा सञ्चितिलाई मुलुकको प्राथमिकता क्षेत्रमा खर्च गर्न बजेटमार्फत 'सोभरेन्ट वेल फण्ड'को अवधारणा अघि सारिएको अर्थमन्त्री पुनले उल्लेख गर्नुभयो । "वैदेशिक मुद्राको सञ्चितिलाई मुलुकको विकासमा सदुपयोग गर्नका लागि बजेटमार्फत 'सोभरेन्ट वेल फण्ड'का रुपमा लानुपर्छ भन्ने नयाँ बहस अघि सारेका छौं", उहाँले भन्नुभयो, "यो अवधारणाले हामीलाई विदेशी मुद्राको सञ्चितिलाई मुलुकको प्राथमिकता निर्धारण गरेर प्रयोग गर्ने सुविधा दिन्छ ।"

अर्थमन्त्री पुनले बजेटमार्फत् करका दर फेरफेर गर्दा यसपटक धेरै विवाद नभएकोसमते जिकिर गर्नुभयो ।

बजेट निर्माणको सुरुको चरणदेखि नै आफू त्यसबारे सचेत रहेको भन्दै उहाँले एक्लै नभई मन्त्रालयका दुवै सचिव, राजश्व महाशाखा प्रमुख, भन्सार र राजश्वका महानिर्देशक र बजेट लेखन समितिका सदस्यबीच लामो छलफलपछि मात्र करका दरहरुमा हेरफेर भएको बताउनुभयो । "अर्थमन्त्रीले अन्तिम रात आफूखुसी बिना तर्क, बिना तथ्य एक्लो तजबिजमा राजश्व र भन्सारका दरमा हेरफेर गरिन्थ्यो । यसपटक मन्त्रालयको पूरै टिमले विज्ञ, सरोकारवाला र उद्योगी व्यवसायीका संगठनले संस्थागत रुपमा दिएका संस्थागत सुझावसमेत समेटेर तथ्यमा आधारित रहेर राजश्व र भन्सारका दर हेरफेर गरेका छौं । त्यसमा पनि एकदमै कम चलाएका छौं", पुनले भन्नुभयो ।

सरकारले विकासका ढाँचा बनाउँदा केही ठाउँमा विकास गर्ने र त्यसलाई विस्तार गर्ने गरी नीति लिनुपर्ने भन्दै उहाँले बजेटले नयाँ कार्यक्रमका रुपमा पोखरा, बुटवल र नारायणगढ तीन ठूला सहरलाई जोडर आर्थिक त्रिभुजको अवधारणा अघि सारेको उल्लेख गर्नुभयो । सरकारले यातायातसहित पूर्वधार निर्माण तथा नीतिगत क्षेत्रमा काम गर्ने र निजी क्षेत्रको सहकार्यमा त्रिभुज कार्यान्वयन गर्नुपर्ने आवश्यकता उहाँले औंल्याउनुभयो ।

आगामी आर्थिक वर्षको बजेटमार्फत नयाँ चरणको आर्थिक सुधारको घोषणा गरिएको भन्दै अर्थमन्त्री पुनले त्यसले समाजवादतर्फको बाटो निर्माण गर्ने धारणा राख्नुभयो । संविधानले मुलुकलाई समाजवाद उन्मुख भनेकाले राष्ट्रिय अर्थतन्त्र र राष्ट्रिय पुँजी समाजवादतर्फ उन्मुख गराउन उक्त नीति अघि सारिएको उहाँको भनाइ छ । "संविधानले निर्दिष्ट गरेको र राज्य प्रणालीले अपेक्षा गरेअनुसार नयाँ चरणाको आर्थिक सुधारको अवधारणा अगाडि सारिएको छ । यस वर्षको बजेटको प्राथमिकता पनि त्यसकै वरिपरिबाट निर्धारण गरिएको हो", अर्थमन्त्री पुनले भन्नुभयो ।

अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैंकले एक अर्काका प्रतिस्पर्धी नभई समन्वयमा काम गर्नुपर्ने भएपनि विगतमा विविध कारणले त्यसो हुन नसकेको अनुभव यसपटक आफूले गर्नुनपरेको पुनले अनुभव सुनाउनुभयो ।अर्थमन्त्री पुनले कर्मचारीतन्त्रको मनोबल खस्किएको भन्दै उच्च मनोबलका साथ काम गर्न आग्रह गर्नुभयो । असल नियतका साथ काम गर्दा तत्काल कुनै आरोप लागे पनि इतिहासले सही मूल्याङ्कन गर्ने भएकाले निडर भएर कार्यसम्पादन गर्न उहाँको सुझाव थियो । आफू जिम्मेवारीका हिसाबले जहाँ रहे पनि कर्मचारीतन्त्रको मनोबल उठाउने काममा लाग्ने प्रतिबद्धता पनि उहाँले जनाउनुभयो ।रासस

# नवनियुक्त प्रधानमन्त्री ओलीको जीवनी


काठमाण्डु । संविधानको प्रभावकारी कार्यान्वयन गर्दै मुलुकमा समृद्धि र विकासका लागि बलियो एवं स्थिर सरकारको आवश्यकता देखिएका बेला ४५औं प्रधानमन्त्रीका रूपमा नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओली नियुक्त हुनुभएको छ । नवनियुक्त प्रधानमन्त्री केपी शर्मा ओली नेपाली राजनीतिको केन्द्रमा रहने एक राजनीतिज्ञ हुनुहुन्छ ।

प्रधानमन्त्री ओलीलाई देशका प्रमुख राजनीतिक पार्टी कांग्रेस र एमालेको प्रस्तावमा करिब दुई तिहाइको समर्थनमा सरकारको नेतृत्व गर्ने ऐतिहासिक अवसर प्राप्त भएको छ ।

राष्ट्रपति रामचन्द्र पौडेलले नेपालको संविधानको धारा, ७६ (२) बमोजिम आज प्रधानमन्त्रीमा नियुक्त अध्यक्ष ओली संसद्को सबैभन्दा ठूलो दल नेपाली कांग्रेस र दोस्रो ठूलो दल एमालेको समर्थनमा मुलुकको कार्यकारी प्रमुखको जिम्मेवारीमा पुनः आउनुभएको हो । संसद् विघटन र सर्वोच्च अदालतमा रिट निवेदन परेका अवधिलाई गणना नगर्ने हो भने अध्यक्ष ओली यसअघि तीन कार्यकाल प्रधानमन्त्री भइसक्नुभएको छ ।

विसं २०७१ साउन १ गते सम्पन्न पार्टीको नवौं राष्ट्रिय महाधिवेशनमा अध्यक्षमा निर्वाचित ओली स्पष्ट अडान राख्ने र दृष्टिकोणमा अडिग रहने नेताका रूपमा चिनिनुहुन्छ । उहाँको गतिशील एवं सबल नेतृत्वमा पार्टी पनि यही देष्टिकोणका साथ अघि बढेको छ । नेपालको वर्तमान संविधान जारी भएसँगै २०७२ असोज २४ गते अध्यक्ष ओली पहिलोपटक मुलुकको प्रधानमन्त्री बन्नुभएको थियो । यसैगरी, विसं २०७४ को आम निर्वाचनपछि नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)को समर्थनमा २०७४ फागुन ३ गते झन्डै दुई तिहाइ बहुमतसहित उहाँले दोस्रोपटक सरकारको नेतृत्व गर्नुभएको थियो ।

त्यसपछि २०७५ जेठ ३ मा एमाले र माओवादी केन्द्रको एकता भई उहाँ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को दुई अध्यक्षमध्ये पहिलो वरियताको अध्यक्ष हुनुभएको थियो । पार्टीभित्रको विवादका कारण उहाँ नेतृत्वको सरकार अल्पमतमा परेको थियो । तत्कालीन राजनीतिक घटनाक्रमका बीच प्रधानमन्त्रीका हैसियतले मध्यावधि निर्वाचनका लागि गर्नुभएको सिफारिस सर्वोच्च अदालतको आदेशबाट बदर भएपछि अध्यक्ष ओली सरकारको नेतृत्वबाट बाहिरिनु भएको थियो ।



किसान परिवारमा जन्म, पञ्चायतविरोधी आन्दोलनमा अगुवाइ

निम्न मध्यम वर्गीय परिवारमा बुबा मोहनप्रसाद र आमा मधुमाया ओलीको सुपुत्रका रुपमा जन्मिएका प्रधानमन्त्री ओली लोकतन्त्रका लागि लामो सङ्घर्ष, जेलनेल, पटकपटक कठोर यातना भोग्ने सीमित नेताहरुमा पर्नुहुन्छ । पूर्वी पहाडी जिल्ला तेह्रथुमको आठराईस्थित इवा गाउँको साधारण किसान परिवारमा २००८ साल फागुन ११ जन्मनुभएका ओली चार वर्षको उमेरमै मातृस्नेहबाट विमुख हुन पुग्नुभएको थियो । हजुरआमा रमादेवी ओलीको पालनपोषणमा हुर्कनुभएका ओलीले बालक छँदा पढाइका साथै ग्रामीण किसान परिवारमा गरिने सबै काम गर्नुभएको थियो ।

तेह्रथुम छोडेर २०२० सालमा उहाँको परिवार झापा बसाइँ सर्‍यो । झापाको सामाजिक, सांस्कृतिक, शैक्षिक तथा आर्थिक परिवेशमा अन्तरघुलित हुँदै जिज्ञासु स्वभावका ओलीले किशोर अवस्था पार गर्नुभयो । हरेकजसो विषयमा जिज्ञासा राख्ने स्वभावले ओलीलाई समाजभित्र हुने असमानता, विभेद र पक्षपातलगायतका प्रश्नहरुको उत्तर खोज्नतिर प्रेरित गर्‍यो ।अध्यक्ष ओलीको राजनीतिक उदय झापा आन्दोलनको सिर्जना र कठोर भूमिगत सङ्घर्षबाट भएको हो । राजतन्त्रात्मक पञ्चायती शासन व्यवस्थाको विरोधसहित देशभक्ति, लोकतन्त्र, समानता, सामाजिक न्याय, भेदभावरहित समाज र जनजागरणका लागि कम्युनिष्टहरुको सहभागितामा भएको आन्दोलनमा उहाँको नेतृत्वदायी भूमिका रहँदै आएको छ ।

उहाँले लोकतान्त्रिक संरचनाहरुको सबलीकरण, राष्ट्रिय स्वाधीनताको रक्षा, लोकतन्त्रको मूल्यमान्यतप्रति प्रतिबद्धता, उग्रता र भड्काउहरुबाट समाजको रक्षा र जनताको जीवनमा सुखशान्तिका लागि अविचलित रूपमा अग्रणी भूमिका निर्वाह गर्नुभएको छ । 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षा पूरा गर्ने सङ्कल्पलाई काँधमा बोकेर मुलुक र जनताको सेवाका लागि सरकारको नेतृत्वमा रहँदा र नरहँदा पनि अहोरात्र खट्ने अध्यक्ष ओली कुशल वक्ता, तार्किक र अध्ययनशील नेतासमेत हुनुहुन्छ ।करिब छ दशक लामो राजनीतिक यात्राका क्रममा १४ वर्ष कठोर जेलजीवन बिताउनुभएका अध्यक्ष ओली २०७८ मङ्सिरमा चितवनमा सम्पन्न एमालेको दशौँ राष्ट्रिय महाधिवेशनबाट दोस्रो कार्यकालका लागि भारी मतका साथ अध्यक्षमा निर्वाचित हुनुभएको थियो ।

पन्ध्र वर्षेको किशोर उमेरमै २०२३ सालमा उहाँ रामनाथ दाहालको अगुवाइमा रहेको मार्क्सवादी अध्ययन दलमा सामेल हुनुभयो । नेता दाहालसहित पाँच योद्धालाई तत्कालीन पञ्चायती सरकारले जेल सार्ने बहानामा सुखानीको जङ्गलमा लगेर गोली हानी हत्या गर्‍यो, उहाँहरूलाई अहिले झापा आन्दोलनका शहीदका रूपमा चिनिन्छ । मार्क्सवादी अध्ययन दलमा सामेल भएको दुई वर्षमै पूर्णकालीन राजनीतिमा जोडिएर २०२६ माघमा उहाँले नेपाल कम्युनिष्ट पार्टीको सदस्यता पाउनुभयो । पार्टी सदस्यता पाएको वर्ष नै पहिलोपटक उहाँ गिरफ्तारीमा पर्नुभयो ।

विसं २०२८ मा ओली झापा आन्दोलन कमिटीको प्रमुखमा मनोनीत हुनुभएको थियो । सोही आन्दोलनको आधारभूमिबाट अघि बढ्दै गएको पार्टी अहिलेको एमाले हो ।निरङ्कुश पञ्चायती व्यवस्थाको विरोधका क्रममा नेता ओलीलगायत झापा आन्दोलनका क्रान्तिकारीहरु २०३० सालमा पक्राउ पर्नुभएको थियो । त्यसपछि उहाँले चार वर्ष गोलघरको यातनासहित १४ वर्ष लामो कठोर कारावास जीवन बिताउनुभयो ।

अध्यक्ष ओली जेलमै रहँदा २०३५ साल पुस ११ मा गठित नेपाल कम्युनिष्ट पार्टी (माले)को संस्थापकको हैसियतमा हुनुभयो । २०४४ साल असार ११ गते जेलबाट रिहा भएपछि सोही वर्षको पुस २ मा बसेको नेकपा (माले)को केन्द्रीय कमिटी बैठकले उहाँलाई केन्द्रीय सदस्यमा मनोनयन गरी पञ्चायती व्यवस्थाविरुद्धको आन्दोलन परिचालकका लागि लुम्बिनी अञ्चल इन्चार्जको जिम्मेवारी तोक्यो ।

नेकपा (माले) समेतको नेतृत्वमा सञ्चालित जनआन्दोलनले निरङ्कुश पञ्चायती व्यवस्था पराजित भएपछि २०४७ जेठ १ गते नेता ओली पार्टीको युवा संस्था प्रजातान्त्रिक राष्ट्रिय युवा सङ्घ, नेपालको संस्थापक अध्यक्ष बन्नुभयो ।नेपालको कम्युनिष्ट आन्दोलनलाई एकीकरण र विस्तार गर्ने क्रममा २०४७ पुस २२ गते नेकपा (माले) र नेकपा (मार्क्सवादी) बीच पार्टी एकीकरण भएर नेकपा (एमाले) बन्यो र एकीकृत पार्टीमा ओली केन्द्रीय सदस्य रहनुभयो ।

**संसदीय यात्रा र एमालेको नेतृत्व**

बहुदलीय व्यवस्थाको स्थापनापछि २०४८ सालमा भएको पहिलो आम निर्वाचनमा झापा-६ बाट प्रतिनिधिसभाको सदस्यमा ओली निर्वाचित हुनुभयो । त्यसको तीन वर्षपछि २०५१ सालमा भएको मध्यावधि निर्वाचनमा झापा-२ बाट उहाँ प्रतिनिधिसभा सदस्य चुनिनु भयो । यही बीचमा पार्टी जिम्मेवारीका क्रममा उहाँ पोलिटब्यूरो सदस्यसहित विदेश विभाग, प्रचार विभाग र संसदीय विभाग प्रमुख हुनुभयो ।बहुदलीय व्यवस्थाको पुनःस्थापनापछि २०५१ सालमा मनमोहन अधिकारीको नेतृत्वमा बनेको प्रथम जननिर्वाचित कम्युनिष्ट सरकारमा उहाँ पहिलोपटक मुलुकको गृहमन्त्री हुनुभयो । उहाँले सफल गृहमन्त्रीको मानक स्थापित गर्नुभयो ।

जनकपुरधाममा २०५९ सालमा भएको एमालेको सातौं राष्ट्रिय महाधिवेशनमा ओलीबाट प्रस्तुत पार्टीको आन्तरिक लोकतान्त्रिकीकरण गरी बहुपदीय प्रणालीमा जाने प्रस्ताव प्रस्तुत भएपछि पार्टीको उहाँको प्रभाव थप विस्तारित भयो । सो प्रस्तावलाई २०६५ सालमा बुटवलमा भएको आठौँ राष्ट्रिय महाधिवेशनले पारित गर्‍यो । उहाँको प्रस्तावलाई महाधिवेशनले पारित गरे पनि उहाँ पार्टी अध्यक्षमा तत्कालीन अध्यक्ष झलनाथ खनालसँग झिनो मतान्तरले पराजित हुनुभयो ।

दुईपटक मिर्गौला प्रत्यारोपण गराउनुभएका ७३ वर्षीय अध्यक्ष ओली समकालीन अन्य नेताभन्दा बढी सक्रिय देखिनुभएकाले विकास र समृद्धिको अधुरो यात्राले गति लिने अपेक्षा गरिएको छ ।रासस

# मेरो बारेमा अनुसन्धान गर्नूस्, कानुन मलाई पनि लाग्छः गृहमन्त्री लामिछाने

काठमाण्डु । उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेले आफ्नो बारेमा कुनै विषयमा अनुसन्धान अगाडि बढाउनुपर्ने लागेमा निःकङ्कोच अनुसन्धान अघि बढाउन आग्रह गर्नुभएको छ ।

गृह मन्त्रालयमा आइतबार भएको बिदाइ कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले भन्नुभयो, "आजसम्म स्वतः प्रभावित हुनुभएको भए पनि अब मेराबारे पनि अनुसन्धान गर्नूस् । गलत गरेको भए कानुन मलाई पनि लाग्नुपर्छ ।" नक्कली भूटानी शरणार्थी, टीकापुर, पतञ्जली र बालमन्दिर जग्गा प्रकरणबारे जारी अनुसन्धान निष्पक्ष र प्रभावकारी रुपमा अगाडि बढोस् भन्ने आफ्नो चाहना रहेको उहाँले बताउनुभयो ।

सरकार परिवर्तन अनौठो कुरा नभएको उल्लेख गर्दै गृहमन्त्री लामिछानेले सरकार परिवर्तनको प्रभाव प्रहरी, कर्मचारी प्रशासनमा पर्न नहुने भएकोले सोको प्रभाव नपार्न गृह र सुरक्षा अधिकारीसँग आग्रह गर्नुभयो । अनुसन्धान जारी रहेकाले सुनकाण्ड छानबिनको प्रतिवेदन सार्वजनिक नगरेको उहाँले जानकारी दिनुभयो ।

"हामीलाई लागेको होला केके नै गर्‍यौं तर हाम्रा कामबाट नागरिक पटक्कै खुसी छैनन् । नागरिक सन्तुष्ट नभएसम्म हामीले कामको प्रगति विवरण भनेर बुँदाहरु थप्दै सार्वजनिक गर्नुको के रहँदैन", गृहमन्त्री लामिछानेले भन्नुभयो । सरकार परिवर्तन हुनुको, मन्त्री आउनु र जानुको प्रभाव आमनागरिकमा पर्न नहुने भन्दै कानुनअनुसार काम गर्न मन्त्री परिवर्तनले केही फरक नपार्ने उहाँको भनाइ छ ।चार महिनामा धेरै काम गर्न नसकिएको बताउँदै केही आधार भने तयार भएको गृहमन्त्री लामिछानेले बताउनुभयो । तयार भएको आधारलाई भत्किन नदिन सरोकार भएकालाई अनुरोध गर्दै उहाँले नयाँ मन्त्रीले पनि बनेका आधारलाई सकारात्मक रुपमा ग्रहण गर्ने विश्वास व्यक्त गर्नुभयो ।रासस

# ट्रम्पमाथि भएको आक्रमणको विश्व समुदायद्वारा विरोध

एएफपी

वासिङ्टन । अमेरिकी रिपब्लिकन पार्टीका तर्फबाट राष्ट्रपतीय निर्वाचनका उम्मेदवार तथा अमेरिकी भूतपूर्व राष्ट्रपति डोनाल्ड ट्रम्पमाथि भएको गोली आक्रमणलाई लिएर विश्व समुदायले विरोध जनाएको छ ।

पेन्सिल्भेनिआमा आयोजित रिपब्लिकन पार्टीको र्‍यालीमा गोली प्रहार हुँदा उहाँ आइतबार घाइते हुनुभएको हो । विश्वका नेताहरूले आक्रमणको घटनाले आफूहरू स्तब्ध भएको प्रतिक्रिया व्यक्त गरेका छन् । संयुक्त राष्ट्रसङ्घका प्रमुख एन्टोनियो गुटेरेसले हत्या प्रयासका क्रममा घाइते हुनुभएका अमेरिकी पूर्वराष्ट्रपति ट्रम्पको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै घटनाको कडा शब्दमा निन्दा गर्नुभएको उहाँका प्रवक्ताले बताउनुभएको छ ।

अमेरिकी राष्ट्रपति जो बाइडेन, पूर्वराष्ट्रपति बाराक ओबामा र बिल क्लिन्टनलगायत अमेरिकी राजनीतिज्ञहरूले आक्रमणको निन्दा गर्दै राजनीतिमा हिंसाका लागि कुनै स्थान नभएको बताउनुभएको छ ।युरोपेली सङ्घका विदेश नीति प्रमुख जोसेप बोरेलले पनि उक्त आक्रमणको निन्दा गर्नुभएको छ । "एक पटक फेरि, हामीले राजनीतिक प्रतिनिधिविरुद्धको हिंसा देखिरहेका छौं," उहाँले भन्नुभयो । बेलायती प्रधानमन्त्री कीएर स्टार्मरले आइतबार अमेरिकी रिपब्लिकन पार्टीको चुनाबी र्‍यालीमा भएको दृश्य देखेर आफू स्तब्ध भएको बताउनुभयो । "कुनै पनि प्रकारको राजनीतिक हिंसा हाम्रो समाजमा अस्वीकार्य छ," उहाँले भन्नुभयो ।

जर्मनीका चान्सलर ओलाफ स्कोल्जले पूर्व अमेरिकी राष्ट्रपति ट्रम्पको हत्या प्रयास 'घृणित' भएको बताउनुभएको छ । स्कोल्जले एक्समा लेख्नुभएको छ, "अमेरिकी राष्ट्रपतिपदका उम्मेदवार डोनाल्ड ट्रम्पमाथिको आक्रमण निन्दनीय छ । उहाँको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु । यस्ता हिंसात्मक गतिविधिले लोकतन्त्रलाई खतरामा पार्छ ।" यसैबीच, फ्रान्सका राष्ट्रपति इम्मानुएल म्याक्रौँले आइतबार पूर्व अमेरिकी राष्ट्रपतिको हत्याको प्रयासलाई 'त्रासदीर्पूण घटना' भन्दै ट्रम्पको शीघ्र स्वास्थ्य लाभको कामना गर्नुभएको छ ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले आक्रमणको विरोध गर्दै राजनीति र लोकतन्त्रमा हिंसाको कुनै स्थान हुननहुने बताउनुभएको छ । उहाँले भन्नुभयो, "अमेरिकी उपराष्ट्रपति ट्रम्पमाथि भएको आक्रमण दुःखद् घटना हो । राजनीति र लोकतन्त्रमा हिंसाको कुनै स्थान हुँदैन ।" त्यसैगरी, चीनका राष्ट्रपति सी चिनफिङले अमेरिकी रिपब्लिकन पार्टीका नेता तथा नया राष्ट्रपतिका लागि रिपब्लिकन उम्मेदवार ट्रम्पमाथि भएको गोली आक्रमणप्रति प्रतिक्रिया दिँदै घटनाको निन्दा गर्नुभएको छ ।

उहाँले घाइते ट्रम्पप्रति सहानुभूति प्रकट गर्नुभएको चीनको विदेश मन्त्रालयका प्रवक्ताद्वारा जारी विज्ञप्तिमा उल्लेख



गरिएको छ । "हामी लोकतन्त्रलाई चुनौती दिने कुनै पनि प्रकारको हिंसाको विरुद्धमा दृढ रहनुपर्छ," जापानी प्रधानमन्त्री फुमियो किशिदाले पनि राजनीतिक आक्रमणको विरुद्धमा प्रतिक्रिया व्यक्त गर्नुभयो । इटालीकी प्रधानमन्त्री जोर्जिया मेलोनीले पेन्सिलभेनियाको घटना दुःखद् भएको र यसबारे आफूले जानकारी प्राप्त गरिराखेको बताउनुभएको छ । साथै, ट्रम्पको शीघ्र स्वास्थ्य लाभको कामना गर्नुभएको छ ।"

ब्राजिलका राष्ट्रपति लुइज इनासिओ लुला दा सिल्भाले ट्रम्पमाथि भएको आक्रमणको 'लोकतन्त्र र राजनीतिक संवादका सबै समर्थकहरूले कडा निन्दा गर्नुपर्ने' बताउनुभएको छ । अष्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बनिजले पूर्व अमेरिकी राष्ट्रपति सुरक्षित भएकोमा राहत व्यक्त गर्दै ट्रम्पको चुनावी कार्यक्रममा भएको डरलाग्दो दृश्यहरू देखेर स्तब्ध भएको बताउनुभएको छ । "यो अष्ट्रेलिया र अमेरिकीहरूले साझा रुपमा अनुशरण गर्ने लोकतान्त्रिक मूल्यमान्यता र स्वतन्त्रतामाथिको अक्षम्य आक्रमण हो," अल्बनिजले भन्नुभयो ।

न्युजिल्यान्डका प्रधानमन्त्री क्रिस लक्सनले 'कुनै पनि देशले यस्तो राजनीतिक हिंसाको सामना गर्नु हुँदैन' भन्दै आक्रमणको निन्दा गर्नुभएको छ । इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहूले ट्रम्पमाथि भएको आक्रमणले आफू र पत्नी सारालाई स्तब्ध बनाएको बताउनभयो । "हामी उहाँको सुरक्षा र शीघ्र स्वास्थ्य लाभका लागि प्रार्थना गर्दछौं," नेतान्याहूले भन्नुभयो ।यसैबीच अर्बपति एलन मस्कले ट्रम्पको स्वास्थ्य लाभको कामना गर्दै आक्रमणको विरोध गर्दै प्रतिक्रिया जनाउनुभएको छ ।

संयुक्त राज्य अमेरिकामा राष्ट्रपति, पूर्वराष्ट्रपति र उम्मेदवारहरूको कडा सुरक्षाबीच यसअघि पनि राजनीतिक हिंसाका घटनाहरू भएका छन् ।सन् १९६३ मा अमेरिकी राष्ट्रपति जोन एफ केनेडीको हत्या भएको थियो भने सन् १९६८ मा उहाँका भाइ बबी केनेडीको गोली हानी हत्या गरिएको थियो । तत्कालिन अमेरिकी राष्ट्रपति रोनाल्ड रेगन सन् १९८१ मा हत्याको प्रयासमा गरिएको यस्तै आक्रमणमा बाँच्न सफल हुनुभएको थियो ।

निर्वाचन र्‍यालीमा गोली चल्दा पूर्वराष्ट्रपति ट्रम्प घाइते

अमेरिकी रिपब्लिकन पार्टीद्वारा पेन्सिलभेनिआमा आयोजित र्‍यालीमा गोली प्रहार हुँदा रिपब्लिकन पार्टीका तर्फबाट राष्ट्रपतीय निर्वाचनका उम्मेदवार तथा भूतपूर्व अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प घाइते हुनुभएको छ । उहाँको कानबाट रगत आएको देखिएको छ ।

उहाँको हत्या गर्ने उद्देश्यले भएको ठानिएको उक्त घटनालगत्तै ट्रम्पलाई उक्त स्थानबाट बाहिर निकालिएको छ ।उक्त घटनापछि ट्रम्पले आफ्नो दायाँ कानमा हात राखेको देखिन्छ ।उक्त र्‍यालीमा स्थिति नियन्त्रणमा लिनुअघि पटकपटक गोली चलेको आवाज सुनिएको प्रत्यक्षदर्शीले बताएका छन् ।

गोलीको आवाज आएपछि सुरक्षाकर्मीहरूले ट्रम्पलाई तत्कालै मञ्चबाट निकालेर गाडीतर्फ लगेका थिए ।आफैँले खोलेको सामाजिक सञ्जाल 'ट्रूथ सोशल'मा सन्देश लेख्दै ट्रम्पले आफू 'सकुशल रहेको' र स्थानीय स्वास्थ्य संस्थाले आफ्नो उपचार गरिरहेको उल्लेख गर्नुभएको छ । ट्रम्पले लख्नुभएको छ, "र्‍यालीमा सुइँय्य गरेको आवाज सुन्नेबित्तिकै मलाई केही गडबड छ भन्ने लाग्यो, गोली चलेको र मेरो छाला खुइल्याउँदै गोली गएको मलाई महसुस भयो ।"

"धेरै रगत बगेपछि के भएको हो भन्ने मैले थाहा पाएँ," उहाँले थप्नुभयो । उनलाई बचाउन सुरक्षा अधिकारीहरू दौडादौड गरेको दृश्यबीच उहाँको कान र अनुहारमा रगत बगेको स्पष्ट रूपमा देखिएको थियो ।उक्त घटनामा एक जना सन्दिग्ध व्यक्तिलाई 'यूएस सिक्रेट सर्भिस'का अधिकारीहरूले गोली हानेर हत्या गरिदिएको उक्त निकायका प्रवक्ता एन्थोनी गुग्लिएल्मीले बताउनुभयो ।

उहाँका अनुसार गोली प्रहारबाट एक जनाको मृत्यु भएको छ भने अन्य दुई जना गम्भीर घाइते भएका छन्।अमेरिकी गुप्तचर निकाय एफबीआईले ट्रम्पमाथि गोली चलाउने आक्रमणकारीको पहिचान खुलेको र उनी पेन्सिलभानियाका टोमस म्याथ्यू क्रुप्स रहेको जनाएको छ । ती स्रोतहरूले यो आक्रमणलाई ट्रम्पको हत्याको प्रयासको रूपमा लिइएको बताउँदै घटनाको थप अनुसन्धान भइरहेको बताएका छन् ।

ट्रम्प लक्षित आक्रमणको भनिएको भिडियो सञ्चारमाध्यममा भाइरल

बटलर । अमेरिकी पूर्व राष्ट्रपति डोनाल्ड ट्रम्पलाई आक्रमण गर्न एक बन्दुकधारीले हातमा राइफल लिएर छतबाट बन्दुक तेर्स्याइरहेको शनिबार अमेरिकी प्रसारक टीएमजेडद्वारा सार्वजनिक भिडियोमा देखाइएको छ ।

रिपब्लिकन पार्टीका तर्फबाट अमेरिकी राष्ट्रपति पदका उम्मेदवार ट्रम्पलाई शनिबार पेन्सिलभेनियाको बटलरमा आयोजित चुनावी र्‍यालीमा बन्दुकधारीले हत्याको प्रयास गर्दा कानमा गोली लागेको थियो।अमेरिकी गुप्तचर निकाय एफबीआईले ट्रम्पमाथि गोली चलाउने आक्रमणकारीको पहिचान खुलेको र उनी पेन्सिलभानियाका टोमस म्याथ्यू क्रुक्स रहेको जनाएको छ ।

भिडियोमा कथित आक्रमणकारी छतमा सुतेर ट्रम्पतर्फ राइफल लक्षित गरेको देखिन्छ । "केटाको लामो खैरो कपाल छ, र उसले खैरो सर्ट/खाकी पाइन्ट लगाएको देखिन्छ र उसले 'ट्रिगर' तान्नुअघि टाढाबाट ध्यानपूर्वक लक्ष्य पत्ता लगाउने प्रयास गरिरहेको देख्न सकिन्छ," टिएमजेडले भिडियोलाई उद्धृत गर्दै भनेको छ । प्रसारित भिडियोमा ती व्यक्तिले गोली चलाएको देखाइएको छैन । तर बन्दूक चलेपछि अफ-क्यामेराबाट मानिसहरू बोलेको आवाज सुनिन्छ ।

"ऊ यस दिशामा फर्किरहेको छ, सावधान रहनुहोस् साथीहरू", एक व्यक्तिले भिडियोमा भन्दै गरेको आवाज सुनिएको छ ।"कसैलाई गोली लागेको छ", अर्को व्यक्तिको आवाज सुनियो, "ऊ त्यहीँ ढलिरहेको छ ।" "साथी, ट्रम्प सही ठाउँमा छन्," अर्को व्यक्तिले भनेको सुनिन्छ । "त्यहाँ 'सेक्रेट सर्भिस' छ, कुनै पनि गडबडी नगरौँ," भिडियोमा अर्का व्यक्तिले भनेको सुनिन्छ । टिएमजेडले प्रकाशित गरेको दोस्रो भिडियोमा उही छत र धुमिल शरीरको फुटेज देखाइएको छ ।

"तपाईँले त्यहाँ ती व्यक्तिलाई देख्न सक्नुहुन्छ । मलाई लाग्छ उनीहरूले त्यो व्यक्तीलाई गोली प्रहार गरे किनभने ऊ मृत देखिन्छ", अफ-क्यामेराभन्दा टाढाबाट एकजना व्यक्तिले भनिरहेका थिए । एक टिकटक प्रयोगकर्ताले पोष्ट गरेको भिडियोमा धेरै पटक गोलीको आवाज सुनेपछि ट्रम्पले आफ्नो दाहिने कान छोपेको देखिएको छ । सार्वजनिक भिडियोलाईस्वतन्त्ररूपमा पुष्टि गर्न सकिएको छैन । भिडियोमा लुकेर बसेका तारो हान्ने व्यक्ति (स्नाइपर) ले बन्धुक चलाए वा चलाएनन् भन्ने स्पष्ट छैन ।

ट्रम्पलक्षित आक्रमणपछि उहाँ लेक्टर्नको पछाडि लुक्नुभएको थियो भने सिक्रेट सर्भिसका अधिकारीहरूले उहाँलाई घेरेर सुरक्षा दिएका थिए । । उहाँको हत्या गर्ने उद्देश्यले भएको ठानिएको उक्त घटनालगत्तै ट्रम्पलाई उक्त स्थानबाट बाहिर निकालिएको थियो । ट्रम्प खतरामुक्त्त रहेको उहाँ निकट श्रोतले बताएको छ ।

# के स्वर्ण पदक पुरै सुनले बनेको हुन्छ ?



एजेन्सी

काठमाडौँ । विश्व खेलकुदको महाकुम्भ ओलम्पिकको आगामी संस्करण फ्रान्सको राजधानी सहर पेरिसमा आयोजना हुँदैछ । ओलम्पिक खेलकुद यो ३३औँ संस्करण हो । पेरिस ओलम्पिक सन् २०२४ को जुलाई २६ देखि अगस्त ११ तारिखसम्म चल्नेछ ।

यस पटक ओलम्पिकमा १० हजार ६ सयभन्दा बढी खेलाडीले सहभागी हुनेछन् । पेरिस ओलम्पिकमा विभिन्न ३२ खेलका तीन सय २९ स्पर्धा समावेश गरिएको छ । अर्थात्, पेरिस ओलम्पिकमा तीन सय २ ९ वटा स्वर्ण पदकका लागि खेलाडीबिच घम्साघम्सी हुनेछ ।

विश्वभरका खेलाडीहरूले ओलम्पिकमा सहभागिता मात्रलाई पनि निकै ठुलो उपलब्धिका रूपमा लिने गर्छन् । त्यसमाथि ओलम्पिकमा जितेको पदकको त झनै ठुलो महत्त्व हुने नै भयो । ओलम्पिकमा प्रदान गरिने पदकको बारेमा तपाईँलाई कत्तिको जानकारी छ ?

के ओलम्पिकमा स्वर्ण पदक जित्ने खेलाडीलाई प्रदान गरिने पदक पुरै सुनले बनेको हुन्छ ? अनि रजत पदक पुरै चाँदीले बनेको हुन्छ त ? खासमा ओलम्पिकमा विजेता खेलाडीलाई प्रदान गरिने स्वर्ण पदक पुरै सुनले बनेको हुँदैन ।ओलम्पिकमा प्रदान गरिने पदकको विषयमा पनि अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी (आईओसी) ले छुट्टै मापदण्ड र नियम बनाएको हुन्छ । ओलम्पिकमा प्रदान गरिने स्वर्ण पदक पुरै सुनले बनेको नभए पनि त्यो पदकमा सुनको मात्रा भने हुन्छ ।

खासमा, ओलम्पिक खेलकुदमा प्रदान गरिने स्वर्ण पदक तयार पार्दा ९२.५ प्रतिशत चाँदीको प्रयोग गरिएको हुन्छ । त्यसमा सुनको जलप चढाइएको हुन्छ । स्वर्ण पदकमा कम्तीमा ६ ग्राम सुनको प्रयोग भने गर्नैपर्ने हुन्छ ।सन् १९१२ को ओलम्पिक स्विडेनको स्टकहोम सहरमा आयोजना गरिएको थियो । ओलम्पिकको त्यो पाँचौँ संस्करण थियो । सबैभन्दा पछिल्लो पटक त्यही ओलम्पिकमा स्वर्ण पदक जित्ने खेलाडीलाई पुरै सुनले बनेको पदक प्रदान गरिएको थियो ।

आईओसीको नियमअनुसार, ओलम्पिक विजेतालाई प्रदान गरिने पदकको व्यास कम्तीमा ६० मिलिमिटर र मोटाई तीन मिलिमिटर हुनु पर्छ ।यसैगरी ओलम्पिकमा दोस्रो स्थान हासिल गर्ने खेलाडीलाई प्रदान गरिने रजत पदक भने पूर्ण रूपमा चाँदीबाट बनाइएको हुन्छ । तेस्रो स्थान हासिल गर्ने खेलाडीलाई प्रदान गरिने कांस्य पदक तामाबाट बनाइएको हुन्छ । कांस्य पदकमा केही मात्रामा जिंकको पनि प्रयोग गरिएको हुन्छ । स्वर्ण र रजतभन्दा कांस्य पदक केही हल्का हुन्छ ।

# अफगानिस्तानद्वारा राजधानीमा ९० हजार सिसिटिभी क्यामेरा जडान

सिन्ह्वा

काबुल । अफगानिस्तानको राजधानी काबुलका विभिन्न भागमा सुरक्षा सुनिश्चित गर्न र आपराधिक गतिविधिहरू नियन्त्रण गर्न करिब ९० हजार सिसिटिभी क्यामेरा जडान गरिएको आन्तरिक मामिला मन्त्रालयका प्रवक्ता अब्दुल मतिन कानीले बताउनुभएको छ ।

स्थानीय टिभी टोलोन्युजले शनिबार राति अधिकारीलाई उद्धृत गर्दै घटना र आपराधिक गतिविधि नियन्त्रण गर्न करिब ६० हजार सिसिटिभी क्यामेरा ६० लाख जनसत्_या भएको सहर काबुलका संवेदनशील क्षेत्र, भीडभाड हुने ठाउँ र चोकमा जडान गरिएको जनाएको छ ।

अधिकारीका अनुसार अफगान कार्यवाहक सरकारको योजना आगामी चार वर्षभित्र युद्धग्रस्त देशका सबै प्रान्त र सहरमा भिडियो निगरानी प्रणाली स्थापना गर्ने रहेको छ ।काबुल बाहेक, काबुलबाट



५५ किलोमिटर उत्तरमा पर्ने उत्तरी परवान प्रान्तको राजधानी चारिकारको निकास र प्रवेश विन्दुमा पनि क्यामेरा जडान गरिएको छ ।अधिकारीहरूका अनुसार काबुल र अन्य सहरहरूमा चोरी, डकैती, हत्या र अपहरण जस्ता आपराधिक गतिविधिहरू तीव्ररूपमा कम भएका छन् ।

# फ्रान्समा जन्मदिनको पार्टीमा गोली चल्दा चार जनाको मृत्यु




एएफपी

इस्पिनासे-भोजेल । फ्रान्सको एक गाउँमा जन्मदिनको पार्टीमा एक व्यक्तिले गोली चलाउँदा बन्दुकधारीसहित चार जनाको मृत्यु भएको अधिकारीले बताएका छन् ।

क्लेरमोन्ट-फेरान्डबाट करिब ६० किलोमिटर उत्तरमा रहेको मध्य फ्रान्सेली गाउँ एस्पिनासे-भोजेलमा २० वर्षीय एक युवक आफ्नो परिवारसँग आफ्नो जन्मदिन मनाइरहेका बेला ती व्यक्ति नजिकैको घरमा पुगेका थिए ।आक्रमणकारीले पार्टीमा आएका पाहुनामाथि गोली चलाउँदा तीमध्ये तीन जनाको मृत्यु भएको स्थानीय प्रशासनले जनाएको छ ।आफ्नो जन्मदिन मनाइरहेका युवक र उहाँका पिता दुवैको हत्या भएको थियो ।

प्रहरीले अझै पनि आक्रमण ' किन' भएको भन्नेबारे अनुसन्धान गरिरहेको अधिकारीले बताएका छन् । उक्त व्यक्तिले घातक आक्रमण गर्नुअघि सवारी चालकहरूलाई गोली हानेको देखिन्छ ।स्थानीय अभियोजक जेरोम पिकेसले एएफपीलाई बताएअनुसार ती व्यक्ति स्थानीय समयअनुसार राति ९:३० बजेतिर दुवै घरलाई जोड्ने बाटो हुँदै छिमेकीको घरमा पुगेका थिए ।गोली काण्डमा घाइते भएका चार जनालाई अस्पताल भर्ना गरिएको छ र उनीहरू खतरामुक्त भएको अधिकारीले बताए ।

गोली चलेको स्थलमा रहेका अन्य १५ प्रत्यक्षदर्शीलाई मनोवैज्ञानिकहरूले निगरानीमा राखेका छन् ।एस्पिनासे-भोजेलका नगरप्रमुख मिचेल मारिएनले एएफपीसँग भन्नुभयो, "यो एउटा झट्का हो । हामीलाई थाहा छैन कि यो के कारणले भयो, कसरी एक व्यक्तिले नियन्त्रण गुमाउँछ र यति विग्न उग्र हुन्छ ।" प्रहरीका अनुसार ५० वर्ष काटेका ती आक्रमणकारीलाई यसअघि कुनै पनि अभियोग नलागेको देखिएको छ ।

# दुबईका युवराज युएईको रक्षामन्त्रीमा नियुक्त

एएफपी

दुबई । दुबईका शासक शेख मोहम्मद बिन राशिद अल-मकतुमले आइतबार आफ्ना छोरा तथा इमिरेट्सका युवराजलाई संयुक्त अरब इमिरेट्स (युएई) को रक्षामन्त्रीमा नियुक्त गर्नुभएको छ । मन्त्रिपरिषद् पुनर्गठनमा युएइएका प्रधानमन्त्री शेख मोहम्मदले सामाजिक सञ्जाल एक्समा लेख्नुभएको छ, "शेख हमदान बिन मोहम्मद बिन राशिद अल मकतुम संयुक्त अरब इमिरेट्सको सरकारमा उपप्रधानमन्त्रीका रूपमा सामेल भएका छन् र उनलाई रक्षामन्त्रीमा नियुक्त गरिएको छ ।"

एकचालिस वर्षीय शेख हमदान शेख मोहम्मदका दोस्रो छोरा हुनुहुन्छ र उहाँले सन् २००८ देखि दुबईको युवराजको पद सम्हाल्दै आउनुभएको छ । सन् २००१ मा बेलायतको एलिट स्यान्डहर्स्ट मिलिटरी कलेजबाट स्नातक गर्नुभएका उहाँ सन् २००६ मा इमिरेट्समा रणनीतिक विकास योजनाका लागि जिम्मेबार निकाय दुबईको कार्यकारी परिषद्का अध्यक्ष बन्नुभएको थियो ।उहाँका पिता शेख मोहम्मद सन् १९७१ मा संयुक्त अरब इमिरेट्सको स्थापना भएदेखि रक्षामन्त्री हुनुहुन्थ्यो । त्यतिबेला उहाँ २२ वर्षको मात्र हुनुहुन्थ्यो । रासस

# वार्ताबाट बाहिरिएको हमासको भनाइ

एएफपी

गाजा । प्यालेस्टिनी लडाकू समूह इजरायली 'नरसंहार' र वार्तामा उसको मनोवृत्तिका कारण गाजा युद्धसम्बन्धी युद्धविरामका लागि आयोजना गरिएको वार्ताबाट पछि हटेको हमासका एक वरिष्ठ अधिकारीले आइतबार एएफपीलाई बताएका छन् ।

हमासका अर्का एक अधिकारीले हमासका सैन्य नेता मोहम्मद देइफलाई लक्षित गरी आक्रमण गरे पनि उहाँ 'सकुशल' रहेको र इजरायलले गाजाको दक्षिणी शिविरमा व्यापक गोलाबारी गरिरहेको बताएका छन् ।गाजाको स्वास्थ्य मन्त्रालयले शिविरमा भएको आक्रमणमा परी ९२ जनाको मृत्यु भएको जनाएको छ ।

हमासका राजनीतिक नेता इस्माइल हनियाले अन्तर्राष्ट्रिय मध्यस्थकर्ता कतार र इजिप्टलाई अमेरिकी राष्ट्रपति जो बाइडनले मे महिनामा पहिलो पटक अघि सारेको युद्धविराम योजनामा वार्ता समाप्त भएको बताउनुभएको छ ।

युद्धविराम योजनामा सम्झौताको पहिलो चरणमा



इजरायली जेलमा रहेका प्यालेस्टिनी कैदीहरूका लागि अक्टोबर ७ मा इजरायलमाथि हमासले गरेको आक्रमणमा लिइएका अधिकांश बन्धकहरूको आदानप्रदानसहित छ हप्ताको युद्धविराम हुने थियो ।हनियाले भन्नुभयो, "हमासले इजरायली गम्भीरताको कमी, ढिलासुस्ती र अवरोधको निरन्तर नीति र निहत्था नागरिकविरुद्ध जारी नरसंहारका कारण वार्ता रोक्नेछ ।"

"हमासले सम्झौतामा पुग्न र आक्रामकता अन्त्य गर्न ठूलो लचकता देखाएको छ र जब इजरायल सरकारले युद्धविराम सम्झौता र कब्जा कैदी आदानप्रदान सम्झौतामा पुग्न गम्भीरता देखाउँछ तब वार्ता पुनः सुरु गर्न तयार छ ।

हनियाले शनिबार अबेर एक वक्तव्य जारी गर्दै आफूले मध्यस्थकर्ता र अन्य देशलाई फोन गरेर आक्रमण रोक्न इजरायललाई दबाब दिन आग्रह गरेको बताउनुभएको छ ।

इजरायलले अक्टोबर ७ मा भएको आक्रमणको 'मास्टरमाइन्ड' मध्येका एक मानिएको देइफ दक्षिणी गाजाको अल-मावासी शिविरमा भएको आक्रमणको निशानामा रहेको बताएको छ ।तर हमासले भने देइफ शिविरमा रहेको पुष्टि नगरी उहाँ जीवित रहेको र काम गरिरहेको बताएको छ ।'कमान्डर मोहम्मद देइफले इजेदिन अल-कासम ब्रिगेड र प्रतिरोध अभियानको प्रत्यक्ष रेखदेख गरिरहनुभएको छ," हमासको सशस्त्र शाखालाई उद्धृत गर्दै ती अधिकारीले भने ।

गत अक्टोबर ७ मा दक्षिणी इजरायलमा हमासले गरेको आक्रमणमा परी करिब एक हजार २०० जनाको मृत्यु भएको इजरायलद्वारा पुष्टि गरेको तथ्याङ्कमा उल्लेख छ ।

हमास लडाकूले २५१ बन्धकलाई कब्जामा लिएकामा करिब १०० जना रिहा भइसकेको, ११६ जना गाजामा रहेको र ४२ जनाको मृत्यु भइसकेको इजरायली सेनाले जनाएको छ ।हमास आक्रमणको बदलामा इजरायलले जवाफी कारबाही सुरू गरेको र गाजामा कम्तीमा ३८ हजार ४४३ जनाको मृत्यु भएको हमासको नियन्त्रणमा रहेको स्वास्थ्य मन्त्रालयको तथ्याङ्कमा उल्लेख छ ।

# धानको उन्नत बीउ उत्पादन गरिँदै

पर्वत । स्वाद, बास्ना र गुणस्तरका हिसाबले छुट्टै पहिचान बनाउन सफल पोखरेली जेठो बुढो धानको यहाँ उन्नत बीउ उत्पादन गर्न थालिएको छ ।

धान उत्पादनको पकेट क्षेत्रका रुपमा रहेका जिल्लाको कुश्मा नगरपालिका-१ पाङ, वडा नं २ खुर्कोट र वडा नं ११ पकुवा तथा फलेबास नगरपालिकाको वडा नं ६ देविस्थान र विहादी गाउँपालिका वडा नं २ बर्राचौरमा पोखरेली जेठो बुढोको उन्नत बीउ उत्पादन गर्न लागिएको हो ।

पछिल्लो समय नेपाली भान्छामा मात्र नभई विदेशमा रहेका नेपाली रेष्टुरेन्टमा पनि जेठो बुढो धानको चामलको माग अत्यधिकमात्रामा बढ्दै गएपछि जिल्लामा यसको व्यावसायिक खेती सुरु गरिएको हो । यस वर्ष जिल्लाको तीन सय रोपनी क्षेत्रफलमा स्रोत बीउ उत्पादन गरिने प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना बागलुङ एकाइ पर्वतले जनाएको छ । अहिले रोपिएको धान कात्तिक अन्तिम साता भित्र्याइन्छ । अहिले कार्यक्रम लागू भएका पाँचवटै स्थानमा धमाधम पोखरेली जेठो बुढो धानको रोपाइँ भइरहेको परियोजनाका निमित्त प्रमुख नारायण पौडेलले जानकारी दिनुभयो । उक्त क्षेत्रफलबाट ४० टन धानको स्रोत बीउ उत्पादन हुने अनुमान गरिएको पौडेलले बताउनुभयो ।

कुश्मा नगरपालिका वडा नं ११ पकुवामा मात्रै एक सय पाँच रोपनी क्षेत्रफलमा जेठो बुढो धान रोपिएको छ । स्थानीय साना किसान कृषि सहकारी संस्थामार्फत धानखेती गरिएको छ । प्रधानमन्त्री कृषि आधुनिकीरण परियोजना सञ्चालन भएपछि धान उत्पादनमा प्रविधि, यन्त्र उपकरण र उन्नत बीउका साथै सिँचाइलगायत अन्य प्राविधिक विषयमा कृषकलाई सहयोग पुगेको कुश्मा वडा नं ११ मा रहेको साना किसान कृषि सहकारी संस्थाका अध्यक्ष अगुवा कृषक डम्बर विकले बताउनुभयो ।



उहाँले एक सय पाँच रोपनी क्षेत्रफलमा पोखरेली जेठो बुढोको उन्नत बीउ उत्पादन गर्दै आएको बताउनुभयो । उहाँले यहाँ उत्पादित बीउ पोखरासँगै बागलुङ र पर्वतका विभिन्न ठाउँमा बिक्री गर्ने गरेको बताउनुभयो । उहाँले धान उत्पादनभन्दा बीउबाट दोब्बर आम्दानी गर्न सकिने भएकाले कृषक बीउ उत्पादनमा आकर्षित भएको बताउनुभयो ।

विगत पाँच वर्षदेखि व्यावसायिक रुपमा जेठो बुढोको धानखेती हुँदै आए पनि यस वर्ष बीउसमेत उत्पादन गर्न थालिएको परियोजना प्रमुख नारायण पौडेलले बताउनुभयो । कार्यालयले खेतमा धानको बीउ उमार्नेदेखि रोप्ने, गोडमेल गर्ने, उत्पादन, बीउ छनोट तथा भण्डारणसम्मका काममा प्राविधिक सहयोग गर्ने उहाँले बताउनुभयो । त्यसैगरी मिनिटेलर हलो, मूल बीउ, साना सिँचाइ योजनालगायतका सहयोग कार्यालयले गरेको छ ।

परियोजनाको धान जोन कार्यक्रमअन्तर्गत चालु आर्थिक वर्षमा रु एक करोडभन्दा बढी सहयोग गरिएको परियोजनाले जनाएको छ । कृषकले बीउ बिक्री गरेर राम्रो आम्दानी गर्नसक्ने भएका छन् । प्रतिकिलो रु एक सय ८० का दरले बीउ बिक्री हुने गरेको कार्यालयले जनाएको छ । बीउ उत्पादनका लागि यस वर्ष परियोजनाले पाँच सय ८० किलो मूल बीउ वितरण गरेको थियो । पोखरेली जेठो बुढो धानको उन्नत बीउ उत्पादनका लागि चालु आर्थिक वर्षमा रु १० लाख विनियोजन भएको कार्यालयले जनाएको छ । सिँचाइको सुविधा पुगेका समथर र समुद्री सतहदेखि एक हजार मिटरसम्मको उचाइमा उत्पादन गर्न सकिने यो धानखेतीको विस्तारक्रम बर्सेनि बढ्दो क्रममा रहेको छ ।

पर्वतको करिब नौ हजार हेक्टर क्षेत्रफलमा धानखेती हुँदै आएको छ । जिल्लाभर २६ हजार मेट्रिकटनभन्दा बढी धान उत्पादन हुने गरेको कृषि ज्ञान केन्द्रले जनाएको छ । जिल्लामा असार अन्तिमसम्म झण्डै ६५ प्रतिशत खेतमा रोपाइँ सकिएको कृषि ज्ञान केन्द्रका बागवानी विकास अधिकृत शङ्कर पौडेलले जानकारी दिनुभयो ।

जेठो बुढोबाहेक जिल्लामा सावित्री, राम धान, च्याम्पियन, मकवानपुर, आपझुत्ते, मानिसरा, मनसुली, अनदी, कालो मसिनो, युएस, महाराजा, होलसी, बहुबुडी, हर्दिनाथ, खुमल-१६, बास्मती, पहेँले, गौरिया, झिनुवा, वीरमफूल, गुर्जा, लुम्ले, माछापुच्छ्रे, जर्नेली, सुगन्ध, हाइब्रिडलगायत जातको धान लगाउने गरिन्छ ।

केही रैथाने जातको धान भने लोप भइसकेको केन्द्रले जनाएको छ ।रासस

# यस्ता छन् तीन निजी क्षेत्रको राष्ट्र बैंकलाई सुझाव

काठमाण्डु । नेपाल राष्ट्र बैङ्क आगामी आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीतिको अन्तिम तयारीमा छ । साउन पहिलो वा दोस्रो हप्ताभित्र मौद्रिक नीति ल्याइसक्ने तयारीमा राष्ट्र बैङ्क लागिरहँदा निजी क्षेत्रका छाता संस्थाहरुले मौद्रिक नीतिमा समावेश गर्नुपर्ने विभिन्न सुझाव दिइसकेका छन् । नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल उद्योग परिसङ्घ, नेपाल चेम्बर अफ कमर्सलगायत संस्थाहरुले मौद्रिक नीतिबाट सम्बोधन गरिनुपर्ने विषयमा राष्ट्र बैङ्कलाई सुझाव दिइसकेका हुन् ।



मुख्यगरी, अहिले बाह्य क्षेत्र सन्तुलनमा रहेको, बैङ्क वित्तीय संस्थामा पर्याप्त तरलता रहेको, ब्याजदर घटेको जस्ता सकारात्मक सूचकहरु वित्तीय क्षेत्रमा रहे पनि समग्र बजार माग घटेको, बैङ्क वित्तीय संस्थाबाट कर्जा प्रवाह हुन नसकेको, खराब कर्जा बढेको, पुँजीकोष व्यवस्थापनमा चाप रहेकोजस्ता समस्या विद्यमान छ । सरकारले आगामी आर्थिक वर्षको बजेटमा राखेको छ प्रतिशतको आर्थिक वृद्धिदर र साढे पाँच प्रतिशतको वाञ्छित सीमाभित्रको मुद्रास्फीति कायम गर्न सघाउ पुग्नेगरी आगामी आर्थिक वर्षको मौद्रिक नीति ल्याउनुपर्ने देखिन्छ । निजी क्षेत्रले पनि सरकारले लिएको वित्त नीतिलाई सघाउ पु-याउने र समग्र अर्थतन्त्रमा देखिएको शिथिलता चिर्नेगरी मौद्रिक नीति आउनुपर्ने सुझाव दिएका छन् ।

नेपाल उद्योग वाणिज्य महासङ्घले यही असार २५ गते आगामी आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीतिसम्बन्धी अन्तरक्रिया कार्यक्रम गर्दै राष्ट्र बैङ्कलाई सुझाव दिएको थियो ।

महासङ्घका तर्फबाट सुझाव दिँदै अध्यक्ष चन्द्रप्रसाद ढकालले बैङ्क वित्तीय संस्थामा पर्याप्त तरलता रहे पनि कर्जा विस्तार हुन नसकेको विद्यमान परिस्थितिमा बजार माग बढाउन र उद्योगको उत्पादन क्षमता विस्तार गर्न सहज हुनेगरी मौद्रिक नीति आउनुपर्नेमा जोड दिनुभएको थियो । उत्पादनमूलक उद्योगको क्षमता बढाउने र व्यापारिक प्रयोजनको भन्दा औद्योगिक प्रयोजनको कर्जा ब्याजदर कम गर्ने विषय कार्यान्वयन गर्न मौद्रिक नीतिमा केही व्यवस्था ल्याइनुपर्ने सुझाव महासङ्घको छ ।

बजार मागमा आएको सङ्कुचनका कारण उद्योगहरुको ऋण तिर्ने क्षमता कम भएकाले त्यसलाई सम्बोधन गरिनुपर्ने र लगानीलाई प्रोत्साहन गर्ने नीति आउनुपर्ने माग महासङ्घको छ ।

पर्यटन तत्काल प्रतिफल दिने क्षेत्र भएकाले यो व्यवसायलाई प्रवर्द्धन गर्ने तथा कर्जा प्रवाह सहज र सुलभ गरिनुपर्ने सुझाव पनि महासङ्घले दिएको छ । गत वर्षभन्दा कर्जाको ब्याजदर घटे तापनि निक्षेपको तुलनामा कर्जा प्रवाह आधा मात्रै बढेको, नगद प्रवाहमा समस्या भएको, न्यून उत्पादन, निजी क्षेत्रको गिर्दो मनोबलका कारण नयाँ लगानीका योजना स्थगन भइरहेकोलगायत समस्या रहेकाले पुराना लगानीकर्ताले लगानी बढाउने र नयाँ व्यवसायीले नयाँ लगानी गर्ने वातावरण आवश्यक रहेको महासङ्घले जनाएको छ ।

बजारमा माग सृजनाका लागि सानो कर्जा सुविधा विस्तार गर्न बैङ्क वित्तीय संस्थाहरुलाई प्रोत्साहन गरिनुपर्ने तथा सहकारी र लघुवित्तमा आएका समस्याले रकम प्रवाह घटेका कारण यो विषयलाई मौद्रिक नीतिले समेट्नुपर्ने सुझाव महासङ्घले दिएको छ । त्यस्तै, उद्योग व्यवसाय बन्द गर्नुपरेमा साँवाब्याजको किस्ता तिर्ने प्रतिबद्धता भएका उद्योगहरु बन्द गर्न पाउने व्यवस्था गरी सहज कर्जा राफसाफको व्यवस्था गर्न महासङ्घले राष्ट्र बैङ्कसँग आग्रह गरेको छ ।

विगतमा फरक परिस्थितिमा ल्याइएका नीतिहरु अहिलेको अवस्थामा सान्दर्भिक भए-नभएको मूल्याङ्कन गरिनुपर्ने सुझाव महासङ्घको छ ।

आयात निरुत्साहित गर्ने, कर्जा नियन्त्रण गर्ने नीतिको असर अहिलेसम्म देखिएकाले त्यसलाई सुधार गरिनुपर्ने र चालु पुँजी कर्जासम्बन्धी व्यवस्था सहज बनाउन सकिनेबारे राष्ट्र बैङ्कले पुनर्विचार गर्नुपर्ने महासङ्घको भनाइ छ ।

उद्योगी-व्यवसायीहरुको अर्को संस्था नेपाल उद्योग परिसङ्घले नीतिगत र संरचनागत सुधारलाई ध्यानमा राखेर आगामी मौद्रिक नीति ल्याउन बैङ्कलाई आग्रह गरेको छ । गत शुक्रबार परिसङ्घका तर्फबाट नेपाल राष्ट्र बैङ्कका गभर्नर महाप्रसाद अधिकारीलाई सुझाव दिँदै आर्थिक गतिविधिमा महिनौँदेखि कायम शिथिलता र उद्योग-व्यवसायको उत्पादन तथा कारोबारमा मन्दीको बहुआयामिक प्रभावलाई ध्यानमा राख्दै मौद्रिक नीति ल्याउन सुझाव दिएको हो । सरकारले आगामी आर्थिक वर्षका लागि ल्याएको बजेटका लक्ष्यहरु हासिल गर्न सघाउने गरी मौद्रिक नीति ल्याउनुपर्ने आवश्यकता परिसङ्घले औँल्याएको छ । निजी क्षेत्रलाई लगानीका लागि प्रोत्साहित गर्नुपर्ने र यसबाट नयाँ रोजगारी सृजना तथा बजार मागमा वृद्धिमार्फत अर्थतन्त्र पुनरुत्थानमा सहयोगी हुनेगरी मौद्रिक नीति आउनुपर्ने परिसङ्घको भनाइ छ ।

परिसङ्घले प्रमुख मौद्रिक उपायहरु, समष्टिगत विवेकपूर्ण मौद्रिक उपायहरु र संरचनागत सुधारका विषयमा राष्ट्र बैङ्कलाई सुझाव दिएको छ । राष्ट्र बैङ्कले नीतिगत दर घटाउँदासमेत बैङ्क ब्याजदरमा त्यो प्रतिबिम्बित हुन नसकेको, बरु उल्टै बैङ्क ब्याजदर घट्नुको साटो बैङ्कहरुले बढाएको देखिएको अवस्थामा बैङ्क ब्याजदरलाई अनुशासित गर्न सक्ने गरी नीतिगत दरलाई प्रभावकारी बनाउनुपर्ने सुझाव परिसङ्घको छ । वैधानिक तरलता अनुपात (एसएलआर) लचिलो हुनुपर्ने, अन्तर्राष्ट्रिय अभ्यासअनुरुप हुनेगरी आधार दरको उन्नत विकल्पमा जानुपर्ने, राष्ट्र बैङ्कले हाल लागू गरेको शून्य दशमलव पाँच प्रतिशत काउन्टर साइक्लिकल क्यापिटल बफर (सिसिबी) स्थगन गर्नुपर्ने, निर्देशित क्षेत्रको लगानी सीमा घटाउनुपर्नेलगायत सुझाव परिसङ्घले दिएको छ ।

जोखिम व्यवस्थापन तथा वित्तीय स्थायित्वका लागि खराब कर्जाको हकमा नोक्सानी व्यवस्थामा केही कडाइ गर्नु स्वाभाविक भए पनि किस्ता नियमित भएका असल कर्जाको हकमा कम कायम गर्नु व्यावहारिक हुने परिसङ्घले जनाएको छ । असल कर्जाको हकमा हाल रहेको एक दशमलव दुई प्रतिशतको कर्जा नोक्सानी व्यवस्थालाई एक प्रतिशत कायम गर्नुपर्ने परिसङ्घको सुझाव छ । ऋणीको आय तथा कर्जा भुक्तानी योग्यता र धितोका आधारमा बैङ्क तथा वित्तीय संस्थाले कर्जा प्रदान गर्ने हुँदा शतप्रतिशतभन्दा माथि कुनै पनि कर्जाको जोखिम भार कायम गर्न नहुने र यदि कुनै कर्जालाई अधिक जोखिमको वर्गमा राखी जोखिम भार सय प्रतिशतभन्दा बढी तोकिएमा सोको बलियो कारण खुलाई पारदर्शिता सुनिश्चित हुने व्यवस्था गर्न राष्ट्र बैङ्कलाई परिसङ्घले सुझाव दिएको हो ।

परिसङ्घले मौद्रिक नीति बनाउन राष्ट्र बैङ्कभित्र छुट्टै मौद्रिक नीति समिति गठन गर्न, सम्पत्ति व्यवस्थापन कम्पनी स्थापना गर्न, निष्क्रिय कर्जाको वर्गीकरण तथा त्यसअन्तर्गत समूहको कर्जाका सम्बन्धमा गरिएका सम्पूर्ण नयाँ प्रावधानहरु खारेज गर्न, चालु पुँजी कर्जाको प्रावधान तत्काललाई स्थगन गर्न, मुद्दति र बचत निक्षेपमा विद्यमान अधिकतम र न्यूनतम ब्याजदर अन्तर (बढीमा पाँच प्रतिशत) को व्यवस्था हटाउन, ब्याजदरमा पुनरावलोकन गर्दा अघिल्लो महिना प्रकाशित दरमा १० प्रतिशतभन्दा धेरैले र एकपटकभन्दा बढी घटाउन वा बढाउन नपाउने व्यवस्था हटाउनुपर्नेलगायत सुझाव दिएको छ ।

त्यस्तै, निजी क्षेत्रको अर्को संस्था नेपाल चेम्बर अफ कमर्सले गत शुक्रबार एक औपचारिक कार्यक्रममार्फत मौद्रिक नीतिमा समावेश गरिनुपर्ने विषयबारे राष्ट्र बैङ्कलाई सुझाव दिइसकेको छ । उच्च आर्थिक वृद्धिका लागि स्थायी रुपमा एकल अङ्कको ब्याजदर कायम हुने नीति लिनुपर्ने, बैङ्क दर तथा नीतिगत दरहरु क्रमशः घटाउँदै लैजानुपर्ने, मुद्दति खाता र बचत खाताका फरक सीमामा विगतझैँ खुला राख्नुपर्नेलगायत सुझाव राष्ट्र बैङ्कलाई दिएको छ । आर्थिक मन्दीबाट उन्मुक्ति नपाउन्जेलसम्ममा उद्यमी-व्यवसायीहरुलाई चालु पुँजीको उपलब्धता सरल र सहज तवरले हुनुपर्ने एवं चालुपुँजी कर्जा मार्गदर्शनलाई स्थगित गर्नुपर्नेलगायत सुझाव चेम्बर अफ कमर्सबाट आएका छन् ।रासस

# नेप्से परिसूचक ५२ अङ्कले बढ्यो

काठमाण्डु । यो साता कारोबारको पहिलो दिन नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा उच्च अङ्कको वृद्धिसँगै कारोबार रकम पनि बढेको छ । आइतबार नेप्से परिसूचक ५२ दशमलव ९७ अङ्कले बढेर दुई हजार दुई सय ५७ दशमलव ५९ को विन्दुमा कायम भएको छ ।



आइतबार तीन सय नौ कम्पनीको दुई करोड २० लाख ४७ हजार तीन सय २७ कित्ता शेयर ९६ हजार दुई सय ७४ पटक खरिदबिक्री हुँदा रु सात अर्ब ६२ करोड चार लाख ९८ हजार पाँच सय २० बराबरको कारोबार भएको छ । आइतबारको कारोबारमा सबै समूहको उपसूचक हरियो देखिएको छ । सबैभन्दा धेरै बैङ्किङ तीन दशमलव ७४ र जलविद्युत् समूह तीन दशमलव ३० प्रतिशतले बढेको छ ।

विकास बैङ्क एक दशमलव २०, वित्त एक दशमलव ३३, होटल तथा पर्यटन एक दशमलव ०७, लगानी एक दशमलव ३० र जीवन बीमा समूह दुई दशमलव ०५ प्रतिशतले बढेको छ । त्यस्तै, उत्पादन तथा प्रशोधन दुई दशमलव ६६, लघुवित्त शून्य दशमलव ८२, म्युचुअल फन्ड एक दशमलव ७४, निर्जीवन बीमा एक दशमलव २६, व्यापार दुई दशमलव २१ र अन्य समूह एक दशमलव ९९ प्रतिशतले बढेको छ ।

रिदी पावर कम्पनी लिमिटेड र माण्डु हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घट्नेमा भने बलेफी हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा पाँच दशमलव १२ प्रतिशतको गिरावट देखिएको छ ।कारोबार रकमका आधारमा आइतबार सबैभन्दा धेरै जानकी फाइनान्स लिमिटेडको रु २४ करोड २७ लाख ५८ हजार पाँच सय ७२ बराबरको कारोबार भएको छ । त्यस्तै, कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै ग्लोबल आइएमई लिमिटेड प्रमोटर शेयर २० लाख ७५ हजार एक सय दुई कित्ता शेयर किनबेच भएको छ ।रासस

# नेपालगञ्ज उपमहानगरपालिकाको आगामी आवको बजेट पारित



जानकी । नेपालगञ्ज उपमहानगरपालिकाको आर्थिक वर्ष २०८१/८२ को बजेट पारित भएको छ । नगरसभाको १५औँ अधिवेशनको दोस्रो बैठकले यही असार १० गते पहिलो बैठकमा प्रस्तुत वार्षिक राजस्व र व्ययको अनुमान (बजेट) सर्वसम्मत पारित गरेको हो । सभाध्यक्ष एवं नगर प्रमुख प्रशान्त विष्टले बजेट स्वीकृतिका लागि सभामा पेस गर्नुभएको थियो ।

उपमहानगरपालिकाले आगामी वर्षका लागि रु एक अर्ब ५० करोड ३८ लाख ८६ हजार बराबरको बजेट ल्याएको छ । आन्तरिक आयतर्फ रु २० करोड ११ लाख सङ्कलन गर्ने लक्ष्य उपमहानगरपालिकाको छ।त्यसैगरी, दोस्रो बैठकले आर्थिक विधेयक २०८१, विनियोजन विधेयक २०८१ र आन्तरिक आय व्यवस्थापन तथा नियमन विधेयक २०८१ पनि पारित गरेको छ । नगर कार्यपालिकाको कार्यालय र अन्तर्गतका वडा कार्यालयबाट पेस भएबमोजिमको आर्थिक वर्ष २०८१/८२ को बजेट, योजना तथा कार्यक्रम पनि स्वीकृत भएका छन् ।

यस्तै, नगर प्रमुख विष्टले स्वीकृतिका लागि सभामा पेस गर्नुभएको उपमहानगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन २०७४ खारेज तथा सङ्घीय ऐन कार्यान्वयन पनि पारित भएको छ । नगर अधिवेशनको दोस्रो बैठकबाट बालबालिकासम्बन्धी ऐन २०७७ को संशोधन पनि स्वीकृत भएको प्रमुख प्रशासकीय अधिकृत ओमबहादुर खड्काले बताउनुभयो ।

उपमहानगरपालिका र अन्तर्गतका वडा कार्यालयमा करार सेवामा कार्यरत कर्मचारी तथा दैनिक ज्यालादारी कर्मचारीको म्याद थपसम्बन्धी 'एजेन्डा' पनि सभाले स्वीकृत गरी पारित गरेको छ । यस्तै, पूर्वाधार विकास समितिका संयोजक वसन्तकुमार कनोजियाले तयार पार्नुभएको प्रतिवेदन पनि सभाले स्वीकृत गर्दै पारित गरेको छ । कनोजियाले संस्थागत सुधारका लागि आफ्ना सुझाव समेटेर प्रतिवेदन वाचन गर्नुभएको थियो । उहाँले दण्ड तथा पुरस्कारको नीति अबलम्बन गर्नुपर्नेमा जोड दिनुभएको छ । कनोजियाले कर्मचारीको कार्यसम्पादन सम्झौता कार्यान्वयनको आवश्यकता पनि औँल्याउनुभएको छ ।रासस

# मोरङमा बढ्दो वन, यस वर्ष रोपियो ५७ हजार बिरुवा

बेलबारी । जिल्लास्थित डिभिजन वन कार्यालयले यस वर्ष ३६ हेक्टर बाँझो जमिनमा ५७ हजार छ सय बिरुवा रोपेको छ । 'जहाँ बाँझो त्यहाँ वृक्षरोपण, जहाँ वन त्यहाँ व्यवस्थापन' भन्ने नाराका साथ सरकारले सुरु गरेको वृक्षरोपण अभियानलाई सफल बनाउन कार्यालयले विभिन्न प्रजातिका ५७ हजार छ सय बिरुवा रोपेको हो ।

जिल्लाको कूल एक लाख ८५ हजार पाँच सय ५० क्षेत्रफलमध्ये हाल ४४ हजार पाँच सय ४० हेक्टर जमिनमा वन रहेको कार्यालयका सूचना अधिकृत रामलखन ठाकुरले जानकारी दिनुभयो । एक सय ३७ सामुदायिक, चार साझेदारी, १२ धार्मिक र छ सय १८ वटा निजी वन रहेका छन् ।नदी उकास क्षेत्रमा खयर र बाँस, चुरे महाभारत क्षेत्रमा तेजपाल, टिमुर, हर्रो, बर्रो, सहरी क्षेत्रमा कल्की, अशोक, अमला र अम्बक, सामुदायिक वनमा साल, सतिसाल, कर्मा र किसानको निजी वनमा मसला, टिक, टाँकीलगायत बिरुवा लगाइएको सूचना अधिकृत ठाकुरले जानकारी दिनुभयो । उहाँका अनुसार वनको विकास र विस्तार गर्न मोरङमा २२ स्थानमा उत्पादन गरिएका बिरुवा वितरण गरी लगाइएको हो ।

वनले ९० प्रजातिका बिरुवा उत्पादन गरेको छ । लक्ष्मी सामुदायिक वन उपभोक्ता समिति बेलबारीद्वारा बेलबारी नगरपालिका-११ स्थित लक्ष्मीमार्गमा पाँच दशमलव पाँच हेक्टर जग्गामा विभिन्न प्रजातिका आठ हजार बिरुवा रोपिएको समितिका अध्यक्ष सुजय गौतमले जानकारी दिनुभयो ।जिल्लामा ९६ प्रतिशत वन पूर्वपश्चिम राजमार्गदेखि उत्तरतर्फ छ । राजमार्गको दक्षिणी क्षेत्रमा वन क्षेत्र बढाउन वृक्षरोपण गर्नुपर्ने आवश्यकता भएकाले मठमन्दिर, नदी किनार, गौचरन र सार्वजनिक एवं खाली जग्गामा वृक्षरोपण गरिएको डिभिजन वन कार्यालयका प्रमुख विष्णुलाल घिमिरेले बताउनुभयो । "जिल्लामा पछिल्लो चार वर्ष क्रमशः उत्पादित काठको बिक्री घटेको तथ्याङ्क रहको छ", उहाँले भन्नुभयो ।

आर्थिक वर्ष २०७७/७८ मा एक लाख ५४ हजार दुई सय ३८ घनफिट काठ बिक्री भएको थियो । आव २०७८/७९ मा ९८ हजार पाँच सय २५ घनफिट, २०७९/८० मा ६६ हजार ६१ घनफिट र २०८०/८१ मा अनुमानित ३५ हजार चार सय घनफिट काठ बिक्री भएको तथ्याङ्क रहेको वन कार्यालयका वन अधिकृत घनश्यामकुमार यादवले जानकारी दिनुभयो । काठको उत्पादनमा वार्षिक रुपमा कमी आएकाले बिक्री घटेको उहाँले बताउनुभयो ।

वनजङ्गलमा देखिएको निकै पुराना रूखले गर्दा नयाँ बिरुवा हुर्कन नसक्ने र पछि जङ्गल पातलिने भएकाले वनलाई घना बनाई व्यवस्थित गर्न सरकारले वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम लागू गरेको थियो । विसं २०७७ माघदेखि उक्त कार्यक्रम बन्द भएको छ । रासस

# १२ सय बिघा धानखेती डुबानमा

पाल्हीनन्दन । लगातारको वर्षाका कारण पश्चिम नवलपरासीको सरावल गाउँपालिका-६ र ७ मा एक हजार दुई सय बिघा धानखेती डुबानमा परेको छ । लगातार चार दिनसम्म परेको पानीले धानखेती डुबानमा परेको हो ।

चार दिनसम्म अविरल वर्षा हुँदा खेतमा पानी नघट्नुका साथै रोपाइँ गरेको धान पनि नष्ट भएको गाउँपालिकाका कृषि प्राविधिक कूलदीपनारायण मिश्राले बताउनुभयो ।

उहाँका अनुसार गत वर्ष पनि वर्षाले शङ्करपुर, मधवलिया, भुजहवा बुडनतवापुरका किसानको खेतीमा क्षति भएको थियो ।

झरही खोला र धनेवा खोला दीर्घकालीन रुपमा समाधान नहुँदा यहाँका मुख्य खाद्यभण्डार भनिने शङ्करपुर, खडवना, मधवलिया, भुजहवा हिउँदमा सुक्खा र वर्षयाममा प्रत्येक वर्ष डुबानको चपेटामा पर्ने गरेका छन् सरावल-७ निवासी धर्मनाथ कुश्वाहाले बताउनुभयो ।

झरही र धनेवा खोलामा बाढी आएकाले खोला वरपरका किसानको धानखेती डुबानमा परेको स्थानीय उपेन्द्र हरिजनले बताउनुभयो । खोलामा तटबन्ध बनाउनेतर्फ ध्यान नपुग्दा मधवलिया, शङ्कपुर, भुजहवाका हजारौँ कृषकले बर्सेनि ठूलो क्षतिको सामना गर्नु परिरहेको उहाँको भनाइ छ । "मलखाद र जोताइ गर्नका लागि ऋण कर्जा लिएर धान रोपेको अहिले वर्षायाममा डुबान लागेपछि ऋण कहाँबाट तिर्ने चिन्ता लागेको छ", उहाँले भन्नुभयो ।

झरही खोला र धनेवा खोलाको पानीले बर्सेनि यो क्षेत्र डुबान हुने गरेको भन्दै आगामी आर्थिक वर्षमा डुबान नियन्त्रण गर्न तटबन्धका लागि बजेट विनियोजन गरेको सरावल गाउँपालिकाका अध्यक्ष सुखाडीप्रसाद चौधरीले जानकारी दिनुभयो । खोला क्षेत्रमा तटबन्ध निर्माण गरेपछि बाढी र डुबानबाट हुने क्षति कम हुने उहाँको भनाइ छ ।रासस


मधेश प्रदेश सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र

जनकपुरधाम, धनुषा

**बोलपत्रहरू रद्ध गरिएको सूचना**

प्रकाशित मिति: २०८१/०३/३१

यस प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र, जनकपुरधाम, धनुषाबाट आ.ब. २०८०/८१ मा प्रकाशित ठेक्का नं.-MP/PHLMC/NCB/GOODS-22/2080-81 (Procurement and Delivery of Equipment for Burn Unit ), ठेक्का नं.-MP/PHLMC/NCB/GOODS-9/2080-81 (The Procurement and Delivery of Phaco Machine) र ठेक्का नं.-MP/PHLMC/NCB/GOODS-13/2080-81 (PROCUREMENT DELIVERY INSTALLATION AND COMMISSONING OF CT SCAN MACHINE.) ठेक्काहरु यस कार्यालयको निर्णयानुसार रद्ध गरिएको ब्यहोरा जानकारी गराइन्छ ।

(निर्देशक)

# बजेट छानबिनका लागि उच्चस्तरीय समिति गठन

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि विनियोजन गरेको बजेटका सम्बन्धमा प्रश्न उठेपछि छानबिन समिति गठन गरेको छ ।

मधेश प्रदेशसभाको आइतबारको बैठकमा सभामुख रामचन्द्र मण्डलले बजेटका सम्बन्धमा उठेका सवालबारे आवश्यक छानबिनका लागि उच्चस्तरीय छानबिन समिति गठन गर्ने निर्णय भएको जानकारी दिए ।



उनले समितिको जिम्मेवारी निर्धारणका लागि मुख्यमन्त्री सतीशकुमार सिंह र जनता समाजवादी पार्टी (जसपा) नेपाल संसदीय दलका नेता सरोजकुमार यादवलाई जिम्मा दिने निर्णय भएको बताए । जसपा नेपाल, नेपाली कांग्रेस, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले प्रदेश सरकारको बजेट सच्याउनुपर्ने मागसहित यही असार १६ गते मुख्यमन्त्री सिंहलाई ज्ञापनपत्र बुझाएका थिए । बजेट पुनर्लेखनलाई लिएर पटक पटक प्रदेशसभा बैठक अवरुद्ध हुँदै आएको थियो ।

बैठक सञ्चालन र बजेट पारित गर्न सभामुख मण्डलको अगुवाइमा सर्वदलीय बैठकसमेत बसेको थियो । सो बैठकबाट उच्चस्तरीय छानबिन समिति बनाउन मुख्यमन्त्री सिंह र जसपा नेता यादवलाई जिम्मेवारी दिने निर्णय गरेको थियो ।

# आफन्तलाई न त लासको खबर छ र न त सासकै

टुडे समाचारदाता

रौतहट । रौतहटको बौधिमाई नगरपालिका-३ स्थित मटिअर्वा गाउँका परशुराम साह, मिना देवी, रिन्कु देवी र नीरज साह बेपत्ता भए पछि गाउँ चिन्तित बनेका छन् । बस त्रिशूलीमा खसेको तीन दिन बित्न लागेको छ । अहिलेसम्म पनि आफन्तलाई न त लासको खबर छ र न त सासकै । कुनै सकारात्मक खबर आइहाल्छ कि भन्ने उनीहरूमा परिवारमा लागिरहन्छ । पनि बेपत्ता छन् । घरमा अझै पनि फर्केर आउलान् वा कुनै खबर आउला भन्ने आशा छ । रौतहटका २४ जना दुर्घटनामा बेपत्ता भएका छन् । गणपति डिलक्सको काउन्टरबाट प्राप्त भएको चलानका आधारमा नै बेपत्ता भएका परिवारका आफन्तसित प्रहरीले सम्पर्क गरिरहेको रौतहटका प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मीले जानकारी दिए ।

बेपत्ता भएका



जिल्लाको बौधिमाई-२ स्थित इनर्वाका राज पटेलको घरमा पनि बेहाल छ । कोही नयाँ मानिस घरमा आउँदा होस् वा मोबाइलमा घण्टी बज्दा छोरा भेटिएको खबर आयो कि भन्ने परिवारलाई लागिरहन्छ । घरमा फर्किने आशा अझै पनि पटेल परिवारमा रहेको छ । अजगैबी गाउँका हरिचन्द्र यादव र बाल राउत कुर्मीको घरमा चुलो नबलेको तीन दिन भए पनि आशा मरेको छैन ।

बौधिमाई-४ स्थित इनरवारी गाउँका प्रीन्स जयसवाल र अकलु राउत कुर्मी नागरिकको बारेमा यकिन विवरण अहिलेसम्म पनि आएको उपलबध हुन सकेको छैन । पूर्ण विवरण प्राप्त नभइसकेकाले अहिले घरपरिवारसित सम्पर्कको काम भइरहेको प्रजिअ रेग्मीको भनाइ छ । शुक्रबार बिहान साढे ३ बजेतिर काठमाण्डुबाट रौतहटतिर आइरहेको गणपति डिलक्समा २७ यात्रु रहेका थिए । त्रिशूली नदीमा खसेको बसका यात्रुहरूमध्ये तीनले ज्यान जोगाएका थिए भने २४ जना अहिलेसम्म बेपत्ता नै छन् ।

# गाउँपालिका प्रमुख धर्नामा

टुडे समाचारदाता

राजविराज । सप्तरीको राजविराजदेखिछिन्नमस्तामन्दिरसम्म पुग्ने जिर्ण सडक स्तरोन्नतिको माग गर्दै जनप्रतिनिधि धर्नामा बसेका छन् ।

आइतबार छिन्नमस्ता गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरीको अगुवाईमा जनप्रतिनिधिको एक टोली सिरहाको लहानस्थित सडक डिभिजन कार्यालय पुगेर धर्नामा बसेका छन् ।

जीर्ण सडकको स्तरोन्नतिको नाममा झण्डै दुई वर्षदेखि सडक खनेर अलपत्र पार्दा सवारीसाधन आवतजावतका साथै पैदलयात्री समेतलाई समस्या भएको छिन्नमस्ता गाउँपालिकाका अध्यक्ष चौधरीको भनाइ छ ।

रुपनीदेखि राजविराज हुँदै छिन्नमस्ता सखडा बजार र सीमावर्ती भारतको न्योर बोर्डरसम्म निर्माण भइरहेको सडक तोकिएको समयमा निर्माण नभएपछि दबाबका लागि आन्दोलनमा उत्रिनु परेको उनले बताए ।




ल ा म ा ` समयदेखि सडक खनेर छोड्दा र खाल्डाखुल्डी भएर आवतजावतमा समस्या भएको, प्रसिद्ध शक्तिपीठ छिन्नमस्ता मन्दिरसम्म स्वदेशी र विदेशी भक्तजन आउन समस्या भएको तथा दुर्घटनाको जोखिम समेत भएको भन्दै यसअघि पनि पटक पटक ध्यानाकर्षण गराउँदा कुनै सुनुवाई नभएकाले बाध्य भएर धर्नामा बस्नु परेको उनले बताए ।

राजविराज-छिन्नमस्ता सडकको तीन प्याकेजमा निर्माण कार्य भइरहेको र सम्झौता अनुसार ठेकेदार कम्पनीले काम नगरेको भन्दै पालिकाका जनप्रतिनिधिहरुले ठेकेदार कम्पनिलाई कारवाही गर्न माग समेत गरेका छन् ।

चार बुँदे माग राखी सुरु गरिएको धर्नामा गाउँपालिकाका अध्यक्षसहित वडा अध्यक्ष र स्थानीयवासी गरी दुई दर्जनभन्दा बढी सहभागि थिए ।

# बारा र पर्साका स्थानीय तहले ल्याएनन् बजेट

टुडे समाचारदाता

वीरगञ्ज । आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि बारा र पर्साका केही पालिकाले भने अझैसम्म पनि बजेट ल्याउन सकेका छैनन् ।

बाराको पाँच र पर्साको १२ स्थानीय तहले बजेट ल्याएका छैनन् । पर्साको १४ मध्ये १२ पालिकाले नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्न सकेको छैन । भने २ वटा स्थानीय तहले मात्रै बजेट ल्याउन सकेको छ ।

जिल्लाको पर्सागढी नगरपालिका र छिपहरमाइ गाउँपालिकाको बजेट मात्रै सङ्घीय मामिला तथा समान्य प्रशासन मन्त्रालयको वेबसाइटमा प्रविष्ट भएको छ ।

जिल्लाको वीरगञ्ज महानगरपालिका, पोखरिया नगरपालिका, जगरनाथपुर गाउँपालिका, धोबिनी गाउँपालिका, पकाहामैनपुर गाउँपालिका, पटेर्वासुगौली गाउँपालिका, बहुदरमाइ नगरपालिका, बिन्दवासिनी गाउँपालिका, सखुवाप्रसौनी गाउँपालिका, ठोरी गाउँपालिका, कालिकामाइ गाउँपालिका र जिराभवानी गाउँपालिकाले समयमा बजेट ल्याउन सकेको छैन । धोबिनी गाउँपालिकाका अध्यक्ष मदन प्रसाद




चौहानले राजनीतिक विवादकै कारण बजेट नआएको बताए ।

त्यस्तै बाराका ५ स्थानीय तहले पनि आगामी आर्थिक वर्षको बजेट ल्याउन सकेका छैनन् । १६ स्थानीय तह रहेको बाराका ११ स्थानीय तहले मात्र नगरसभा सम्पन्न गरेका हुन् ।

आन्तरिक तयारी पूरा नगरेको भन्दै बाराको सिम्रौनगढ नगरपालिकाले पनि बजेट ल्याउन सकेन । त्यस्तै आदर्श कोतवाल गाउँपालिका नगरपालिका, सुवर्णपुर गाउँपालिका, विश्रामपुर गाउँपालिकाले समेत नगरसभा सम्पन्न गर्न सकेनन् ।

# सर्लाहीको जनजीवन प्रभावित

टुडे समाचारदाता

मलंगवा । लगातारको वर्षाले सर्लाहीको जनजीवन प्रभावित भएको छ ।

केही दिनदेखि निरन्तर परिरहेको झरीका कारण बाहिर निस्किएर काम गर्नुपर्ने र यात्रा गर्नुपर्नेले असाध्यै सास्ती खेप्दै आएका छन् । लगातार ठूलो पानी परिरहँदा सर्लाहीको विभिन्न ठाउँको सडक, नाला, तटबन्ध भत्किसकेका छन् । भित्री कच्ची सडक असाध्यै खराब हुँदा आउजाउमा समस्या भइरहेको छ । चन्द्रनगरबाट भेल्ही हुँदै सदरमुकाम मलंगवा पुग्ने सडक ठाउँ ठाउँमा कटान भएको ब्रह्मपुरी गाउँपालिका-३, का युवा दिलीप यादवले बताए ।

सडक खराब हुँदा दुर्घटनाको जोखिम पनि उत्तिकै बढेको छ । पूर्वपश्चिम राजमार्गको बाँके पुलसहित विभिन्न पुल र लच्कामा कालोपत्रे उक्किएर खाल्डाखुल्डी बढेका छन् । पर्याप्त वर्षा हुँदा धान रोपाइँमा उल्लेख्य प्रगति भए पनि कतिपय ठाउँमा धेरै पानी जमेर रोपाइँ नै प्रभावित बनेको किसान भन्दै चिन्तित छन् । लालबन्दी नगरपालिका-१२, जियाजोरका तेजप्रसाद बरालले पानी नरोकिँदा खेतमा पानी टनाटन भएर रोपाइँ गर्न नपाएको गुनासो गरे ।

केही ठाउँमा रोपेको रोपो पनि डुबानमा परेको छ । पूरै आकासे वर्षाको भर रहेको क्षेत्रमा भने जम्ने गरी पानी परिदिँदा ठुलो राहत मिलिरहेको किसानले बताएका छन् । लगातारको वर्षाले खोलाबाट समेत हिँड्न नपाउँदा चुरे भेगका स्थानीयको दैनिकी असाध्यै कष्टकर बनेको छ । ईश्वरपुर नगरपालिका-१२, कालिन्जोर घारिबथानका



वडाध्यक्ष देवीबहादुर खत्रीले चुरेभेगमा बाढी आउँदा स्थानीय एक गाउँबाट अर्को गाउँसम्म पुग्नसमेत मुस्किल परेको बताए । लखन्देही, बाँके, कालिन्जोर, फूलजोरलगायत खोलाले केही ठाउँमा खेतीयोग्य जमिन कटान गर्ने, बालुवा भर्ने र तटबन्ध बगाउने गरिरहेको छ । कौडेना गाउँपालिकाको शिवनगरमा बस्ती जोगाउन लखन्देही खोलामा बारम्बार तटबन्ध कस्ने र बाढी आएर बगाउने क्रम रोकिएको छैन ।

सर्लाही प्रहरी उपरीक्षक रवीन्द्रबहादुर सिंहले शिवनगरमा तटबन्ध बगाइरहनेबाहेक अन्यत्र ठुलो समस्या नदेखिएको बताए ।

पूर्व-पश्चिम राजमार्गको बाँके, नवलपुर, सासापुर, हरिवन, नयाँरोडलगायत ठाउँका लच्कामा बाढी आउँदा आउजाउमा समस्या परिरहेको छ ।

पानी नरोकिँदा सर्लाहीका कतिपय गाउँमा पानीको निकास नपाएर घरमा पानी पसेको छ । पछिल्लो जथाभावीरुपमा सडक, नाला, पुलपुलेसा बनाउँदा पानीको निकास नै नभए पछि जतातततै डुबानको समस्या बढेको गुनासो स्थानीयले गरेका छन् ।

# जलेश्वरका मेयरले पुनः कार्यभार सम्हाले

टुडे समाचारदाता

जलेश्वर।आर्थिकअनियमितताको आरोपमा निलम्बनमा परेका जलेश्वर नगरपालिकाका मेयर सुरेश साह सोनारले मुद्दामा सफाइ पाएपछि आइतबारदेखि पुनः कार्यभार सम्हालेका छन् ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उनीसहित उपमेयर रौशन खातुन, वडा नं १ का वडाअध्यक्ष अनिलकुमार झा, कार्यपालिका सदस्य सोगरा खातुन, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत मित्रलाल ढकाल र अधिकृत धिरेन्द्र झाले पनि सफाइ पाएपछि आइतबार नै पुनः कार्यभार सम्हालेका छन् ।



अख्तियारले गत वैशाख २७ गते जलेश्वर नगरपालिकाका मेयर, उपमेयरसहित १२ जनामाथि विशेष अदालतमा भ्रष्टाचार कसुरमा मुद्दा दायर गरेको थियो ।

असार २६ गते विशेष अदालतले १२ जनामध्ये माथि उल्लेखितलाई सफाइ दिएपछि उनीहरुले जलेश्वर नगरपालिकामा आ-आफ्नो कार्यभार सम्हालेका छन् । सोही मुद्दामा विशेष अदालतले आंशिक कसुर ठहर गरेका जलेश्वर नगरपालिकाका वरिष्ठ इन्जिनियर पवनकुमार झा, इन्जिनियर राकेशकुमार चौधरी र सबइन्जिनियर दिपेशकुमार साहलाई कैद तथा जरिवाना तोकेको छ भने उपभोक्ता समितिका अध्यक्ष राकेशकुमार साह, सचिव सिकेन्द्र चौधरी र कोषाध्यक्ष सन्तोषी देवीलाई जरिवानाको फैसला गरेको छ ।

आर्थिक वर्ष ०७९/०८० मा नगरपालिकाद्वारा वडा नं १ मा अवस्थित बरुण सरोवर पोखरीको दक्षिण र पश्चिम डिलमा रहेको हाट बजारमा बाटो ढलान कार्यमा भ्रष्टाचार भएको उजुरी निवेदन सम्बन्धमा अख्तियारले अनुसन्धान अगाडि बढाउँदा जलेश्वर नगरपालिकाका प्रमुख सोनार, उपप्रमुख खातुन, वडा नं १ का वडाअध्यक्ष अनिलकुमार झा, कार्यपालिका सदस्य सोगरा खातुन त्यस्तै तत्कालीन प्रमुख प्रशासकीय अधिकृत मित्रलाल ढकाल, वरिष्ठ इन्जिनियर पवनकुमार झा, अधिकृत छैटौं धिरेन्द्र झा, इन्जिनियर राकेशकुमार चौधरी, सबइन्जिनियर दीपेशकुमार साह, त्यसैगरी, उपभोक्ता समितिका अध्यक्ष राकेशकुमार साह, सचिव सिकेन्द्र चौधरी र कोषाध्यक्ष सन्तोषी देवी निलम्बनमा परेका थिए ।

उनीहरुले हाट बजारमा भएको वास्तविक ढलान कार्यभन्दा बढी कार्य भएको भनी झूटा रुपमा तयार गरेको नापी किताब, कार्य सम्पन्न प्रतिवेदन, उपभोक्ताको बिल र अनुगमन प्रतिवेदन जाँच नै नगरी भूक्तानीका लागि पेस गरिएको टिप्पणी सदर गरी रु पाँच लाख ८४ हजार भुक्तानी गरिएको भन्दै अख्तियारले उनीहरुउपर मुद्दा दायर गरेको थियो ।

अख्तियारले गत वैशाख २७ गने जलेश्वर नगरपालिकाका प्रमुख, उपप्रमुखसहित १२ जनामाथि विशेष अदालतमा भ्रष्टाचार कसुरमा मुद्दा दायर गरेपछि अभिभावक (जनप्रतिनिधि) विहीन रहेको नगरपालिकाको कामकाज प्रभावित भइरहेको अवस्थामा जलेश्वर नगरपालिकाले बाँकी अन्य कार्यपालिका सदस्यमध्येबाट बहुमतीय प्रणालीका आधारमा कार्यवाहक प्रमुखमा वडा नं ९ का वडाअध्यक्ष रवीन्द्र यादव र उपप्रमुखमा वडा नं ३ का वडाअध्यक्ष रतन चौधरीलाई चयन गरेर असार ७ गतेदेखि काम कारबाही हुँदै आएको थियो ।

# सोनमामा कडा सुरक्षा घेरामा गाउँसभा



टुडे समाचारदाता

जलेश्वर । महोत्तरीको सोनमा गाउँपालिकाको गाउँसभा जनप्रतिनिधिले बहिष्कार गरेका छन् ।

पालिकाका उपाध्यक्ष र वडा अध्यक्षहरुले नै गाउँसभा बहिस्कार गरेका छन् ।

गाउँपालिका अध्यक्ष विशेश्वरप्रसाद यादवले एकलौटी रुपमा गाउँसभा आयोजना गरी नीति कार्यक्रम ल्याउन खोजेको भन्दै ८ वडा रहेको सोनमाका उपाध्यक्षसहित पाँच जना वडा अध्यक्ष र चार जना सदस्यहरुले गाउँसभा बहिस्कार गरेका छन् ।

गाउँपालिकाको रेडबुक सार्वजनक गर्नु पर्ने, गाउँपालिकाबाट सञ्चालन भएको बजेटबारे छलफल सार्वजनिक सुनुवाइ हुनुपर्ने, गाउँपालिका अध्यक्ष यादवले परिवारका सदस्यहरुलाई गाउँपालिकामा गरेको नियुक्ति प्रक्रिया सार्वजनिक गरिनु पर्नेलगायतका माग राख्दै गाउँसभा बहिस्कार गरेको सोनमा गाउँपालिका वडा नं. १ का अध्यक्ष अशोककुमार यादवले जानकारी दिए ।

अध्यक्षले आफन्तलाई गरेको नियुक्तिले गाउँपालिका परिवारको कब्जामा हुँदा एक वर्षमा ६ जना प्रशासकीय अधिकृतको सरुवा भएको आरोप उनीहरुको छ । । गाउँपालिकाको कार्यालयलाई घरपरिवार जस्तै चलाउन खोज्दा प्रशासकीय अधिकृत असुरक्षित भएर भाग्ने गरेको वडा अध्यक्ष यादवले आरोप लगाए ।

गाउँपालिका अध्यक्ष यादवले कार्यालयमा ताला लगाएर कार्यपालिका सदस्यलाई जानकारी नै नदिई प्रहरीको घेरामा गोप्य ठाउँमा गाउँसभा गरेको सोनमा गाउँपालिका वडा नं. २ का वडा अध्यक्ष रामजीवन यादवले बताए । गाउँपालिका अध्यक्ष योजना नै नभएको शीर्षकमा तीन लाखभन्दा बढी भुक्तानी गर्ने, वितरण नै नभएको झुल, कम्मल खरिदमा भ्रष्टाचार गरेको र खर्च विवरण माग्दा उल्टै धाकधम्की दिंदा गाउँसभा बहिस्कार गर्नु परेको वडा नं. ६ का वडा अध्यक्ष श्याम यादवले आरोप लगाए ।

वडा अध्यक्षहरुले लगाएको आरोप निराधार रहेको र कार्यपालिका बैठकको निर्णयअनुसार सबै जनप्रतिनिधिलाई समेटेर तोकिएकै स्थान र मितिमा गाउँसभा आयोजना गरेको गाउँपालिका अध्यक्ष विशेश्वरप्रसाद यादवले उनीहरुको आरोपको खण्डन गरे । उनले कुनै पनि जनप्रतिनिधिले गाउँसभा बहिस्कार नगरेको दाबी गरे ।

# अदालत अगाडि प्रदर्शन

टुडे समाचारदाता

राजविराज । प्रहरीद्वारा पक्राउ परेका सप्तरीका मिटर व्याजी रामदेव साहका श्रीमति शिव कुमारी साहलाई कारवाहीको माग गर्दै पीडितहरुले सप्तरी जिल्ला अदालत अगाडि प्रदर्शन गरेका छन् ।

आइतबार मिटर व्याज पीडित संघर्ष समिति सप्तरीका अध्यक्ष मो.तैयवको अगुवाईमा राजविराज नगरमा प्रदर्शन गर्दै जिल्ला अदालत अगाडि धर्नामा थिए ।

मिटर व्याजी शिव कुमारी साहलाई कडा सजाय दे, रामदेव साहको परिवारले हड्पेको जग्गा निसर्त फिर्ता गर, रामदेव साहलाई पक्राउ गरी कारबाही गर लगायतका नारा उल्लेखीत प्लेकार्डसहित नगर परिक्रमा पश्चात् पीडितहरुले विहान १० बजेदेखि जिल्ला अदालत अगाडि शान्तिपुर्ण प्रदर्शन सहित धर्ना दिएका छन् ।




मिटर ब्याजी रामदेव साह हालसम्म फरार छन् । प्रहरीले केही महिनाअघि उनका छोरा र छोरीलाई पक्राउ गरेका थिए । ती दुवै जना मध्ये छोरी अनुराधा विराटनगर र छोरा नन्दकिशोर पूर्पक्षका लागि अहिले राजविराज कारागारमा छन् । पछिल्लोपटक उनका श्रीमती शिवकुमारीलाई पनि प्रहरीले धरानबाट पक्राउ गरेको छ । धरानबाट असार २६ गते पक्राउ परेकी साहको जिल्ला अदालतमा आइतबार थुनछेक बहस चलिरहदा पीडितहरुद्वारा बाहिर धर्ना र प्रदर्शन गरिएको छ । पक्राउ परेका साहमाथि पनि कडा कारवाही हुनुपर्ने अध्यक्ष मो. तैयवको माग रहेको छ ।

रामदेव साह र उनको परिवार विरुद्ध २०७८ सालमा ठगी अपराधिक तथा बिश्वासघात मुद्दा ईलाका प्रहरी कार्यालय कल्याणपुरमा दर्ता भएको थियो ।

यसअघि २०७९ साल जेष्ठ २६ मा साहका छोरा नन्दकिशोर धरानबाट र २८ गते छोरी अनुराधा पक्राउ परेकी थिइन् ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८